जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक १२, २०८० साल असार १५ गते शुक्रबार, नेपाल संवत् ११४३ (June 30, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-


## हावाहुरीसहित भारी वर्षा हुने

काठमाडौं । मुलुकमा हाल मनसुनी वायुको प्रभाव रहेकाले केही स्थानमा हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल देशभर आंशिकदेखि सामान्य बदली रही कर्णाली, गण्डकी, बागमती र कोशीका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र बागमती प्रदेशका केही स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशको केही स्थानमा भारी वर्षाको सम्भावना बाँकी ८ पेजमा

## अस्ट्रेलियाबाट नेपाली कलाकृति फिर्ता ल्याइँदै

काठमाडौं । अस्ट्रेलियाको 'नेशनल ग्यालरी' मा रहेका नेपाली पुरातात्विक महत्वका चार थान काठका कलाकृति नेपाल फिर्ता ल्याइने भएको छ ।

नेपाली कलाकारले २० औं शताब्दीभन्दा अगाडि बनाएका काठका कलाकृति विभिन्न माध्यमबाट क्यानबेरास्थित नेशनल ग्यालरी अफ अस्ट्रेलिया पुगेका थिए । नेशनल ग्यालरीले नै कलाकृति नेपाली दूतावासलाई हस्तान्तरण गरेको थियो । यसरी हस्तान्तरण गरिएका चार थान काठका कलाकृति साग्रिला इन्टरनेशनल फ्रेट प्रालिले नेपाल ल्याउन बाँकी ८ पेजमा

# सन् १९५० को सन्धि पुनरावलोकन कहिले ?



काठमाडौं । नेपाल र भारतबीच शान्ति तथा मैत्री सन्धि भएको ७३ वर्ष पुग्दैछ । सन् १९५० जुलाई ३१ तारिखका दिन असमान शान्ति तथा मैत्री सन्धि भारतले नेपालमाथि लादेको थियो । युद्धरत राष्ट्रहरूबीच मात्र यस्तो प्रकारको शान्ति तथा मैत्री सन्धि हुने गर्छ जसले युद्धको अन्त्य गर्छ । नेपाल र भारतबीच युद्ध नै नभएको अवस्थामा भारतले शान्ति तथा मैत्री सन्धिमा नेपाललाई हस्ताक्षर गराउनुको उद्देश्य नेपालमाथि आफ्नो नियन्त्रण कायम गर्ने मनसायले काम गरेको देखिन्छ । नेपाल र भारतबीच विगतमा भएका सबै सहमति सम्झौता र व्यवस्थापनको पुनरावलोकन गर्ने र २१ औं शताब्दीको विकसित परिप्रेक्ष्यको आवश्यकताका आधारमा दुवै सरकारलाई सुझाव र सिफारिस गर्ने, दुई देशबीच आपसी विश्वास सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सम्बन्ध थप मजबुत बनाउन आवश्यक उपायहरूको सिफारिस गर्ने, यो शताब्दीमा दुई देशबीच थप सुदृढ सम्बन्धका निम्ति आवश्यक संस्थागत संयन्त्र र ढाँचा सिफारिस गर्ने, शान्ति समृद्धि र हार्दिकता अभिवृद्धि गर्दै सिमापार अपराध, निर्मूलीकरणका निम्ति उपाय सिफारिस गर्नेजस्ता कार्यादेशको जगमा गठन भएको इपिजीको प्रतिवेदनलाई भारतले अझै बुझ्न मानेको छैन ।

सन् १९५० को सन्धिको बहसलाई तीन वर्षयता इपिजी प्रतिवेदनले प्रतिस्थापना गरिदिएको छ । सन्देश यस्तो छ– मानौं शताब्दीदेखि गिजोलिएको द्विपक्षीय समस्यामा यो प्रतिवेदन जादुको छडी हो र जादुगरले छू मन्तर गरेझैं यो भारतमा बुझाए सबै समस्याको स्वतः समाधान हुन्छ । हाले भारत भ्रमणमा जाँदा प्रधानमन्त्री प्रचण्डले इपिजी प्रतिवेदनबारे आफ्ना भारतीय समकक्षीसँग कुरा नउठाएको भनेर देशभित्र उनको व्यापक आलोचना भयो । तर यदि भारतले इपिजी प्रतिवेदन बुझ्यो तर कार्यान्वयनमा ल्याउन तयार भएन भने त्यसको के अर्थ भयो ? भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले इपिजी प्रतिवेदन बुझिदिँदैमा सन् १९५० को असमान सन्धिमा पुनरावलोकन हुने होइन । प्रतिवेदनमा सन् १९५० को सन्धिको पुनरावलोकन गर्न सिफारिस गरिएको बताइन्छ । इपिजी प्रतिवेदन द्विपक्षीय अपनत्व लिएर समाहित तत् तत् बुँदा वा सुझावमा सरकारी तहमा सहमत भएर यसरी कार्यान्वयनमा जाओं भन्ने प्रस्ताव वा समझदारी बनाउने जिम्मेवारी सरकारको हो ।

तर भारतले प्रतिवेदन बुझ्न अनिच्छा प्रकट गरुन्जेल सरकारले पनि केही गर्न सक्ने कुरा हुँदैन । भारतले प्रतिवेदन बुझ्न मानेन भनेर एकोहोरो भाष्य बनाइरहनुले १९५० को सन्धिका बुँदाहरूमा संशोधन हुने होइन ।

**१९५० को सन्धिको पृष्ठभूमि**

अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेरले वि.सं. २००५ वैशाख १८ गते नेपालको सत्ता सम्हालेका थिए । त्यसबेला नेपालमा प्रजातन्त्रको आवाज उठिरहेको थियो । वि.सं. १९९७ सालमा गंगालाल, दशरथ चन्द, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाको राणा शासकले हत्या गरेपछि राणा विरोधी आन्दोलनको जग उठिसकेको थियो । राणा शासनको संरक्षक ब्रिटिस उपनिवेशवादले भारत छोडेको तीन वर्ष भइसकेको थियो । भारतीय सत्ताको नेतृत्वमा पं.जवाहरलाल नेहरू उदाएका थिए । देशभित्र प्रजातन्त्रको आवाज उठ्न थालेपछि राणाहरू आफूलाई असुरक्षित महसुस गर्न थालेका थिए । १ सय ८९ वर्ष लामो ब्रिटिस शासनको भारतमा अन्त्य हुनु, ब्रिटिस शासन विरोधी राजनीतिक शक्ति भारतीय राष्ट्रिय कांग्रेस सत्तामा आउनु अनि चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी सत्ता स्थापना हुनुले राणाहरू सम्भावित जनआन्दोलनको भुतले तर्सिएका थिए ।

राणाहरूको सम्बन्ध चीनका च्याङकाइसेकसँग मात्र थियो माओसँग थिएन । च्याङकाइसेक पेकिङ (बेइजिङ) बाट भागेर फर्मोसा टापुमा आश्रय लिएर बसेका थिए । भारतबाट भायसराय माउन्टबेटन लण्डन फर्किसकेका थिए । राणाहरूको सम्बन्ध माउन्ट बेटनसँग थियो नेहरूसँग थिएन । नेहरू सत्तामा आएपछि, उनले नेपालको राणा शासनलाई अनुमोदन नगर्ने बताइसकेका थिए । उनले १ मार्च १९५० मा भारतका मुख्यमन्त्रीहरूलाई पत्र लेखी राणा शासनलाई मान्यता नदिने प्रस्ट पारिसकेका थिए ।

जब चीनले आफ्नो अभिन्न अंग भन्दै तिब्बतलाई नियन्त्रणमा लियो मोहन शमशेरले त्यस घटनालाई अशुभ संकेतका रुपमा लिए । अमेरिका र क्यानडाको भ्रमण गरेर फर्किएका नेहरूले काठमाडौं भ्रमण गर्ने निधो गरे । यस्तो आशय उनले परराष्ट्र मामिलाका डाइरेक्टर विजयशमशेरसँग प्रकट गरेका थिए । नेहरू नेपाल बाँकी ८ पेजमा

## ललिता प्रकरणमा पूर्वप्रम र मन्त्रीहरु समेत तानिने

काठमाडौं । बालुवाटारस्थित ललिता निवासको १४३ रोपनी जग्गा विभिन्न चरणमा व्यक्तिका नाममा नामसारी गरेको पाइएको छ । प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले आज पत्रकार सम्मेलन गरी सो प्रकरणमा मङ्गलबार पक्राउ परेका चार जनालाई सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो ।

सीआईबीले हिजो उक्त प्रकरणमा संलग्न भएको आरोपमा सात जनालाई पक्राउ गरेको थियो । यद्यपि तीन जनाले यसअघि नै अदालतबाट 'स्टे अर्डर' लिएको हुनाले प्रहरीले कागज गराएर छाडेको थियो । जसमा सुरेन्द्रमान कपाली, बाँकी ८ पेजमा

## हरिशयनी एकादशीमा तुलसीको बिरूवा रोपियो




काठमाडौं । प्रत्येक वर्ष आषाढ शुक्ल एकादशीका दिन घर घरमा तुलसीको बिरुवा सारी चार महिनासम्म गरिने विशेष पूजा आराधना बिहीबारदेखि सुरु भएको छ । एक महिनाअघि ज्येष्ठ शुक्ल एकादशीका दिनमा घर घरको तुलसी मोठमा राखिएको दलको बिरुवा बिहीबार मोठमा सारिएको हो । सनातन वैदिक परम्परानुसार तुलसीलाई विष्णुको प्रतीकका रूपमा मानिन्छ । हिजोदेखि कार्तिक शुक्ल एकादशीका दिनसम्म तुलसीको विशेष पूजा हुन्छ । आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन बाँकी ८ पेजमा

## घट्यो विदेशी लगानी

काठमाडौं । सरकारले बढीभन्दा बढी प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने भन्दै आए पनि पछिल्लो समय झन् घट्दै गएको छ । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा ७४.९० प्रतिशतले नेपाल भित्रिने लगानी संकुचन भएको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाउँछ । यो विगत ६ आर्थिक वर्षमध्येकै सबैभन्दा कम लगानी भित्रिएको वर्ष हो ।

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ को १० महिनासम्ममा खुद प्रत्यक्ष वैदेशिक लगानी १७ अर्ब ३५ करोड रुपैयाँ भित्रिएको बाँकी ८ पेजमा

## निजी विद्यालयहरूमा बालेन नजर



काठमाडौं । काठमाडौं महानगर मातहतका निजी विद्यालयहरूलाई सामुदायिक विद्यालय सरह तलब को व्यवस्था गर्न मेयर बालेन शाहले निर्देशन दिएका छन् । सरकारले तोके बमोजिमको तलब सुविधा प्राप्त नभएमा काठमाडौं महानगरपालिकाको शिक्षा विभागमा सम्पर्क गर्न उनले शिक्षकहरूलाई अनुरोध पनि गरेका छन् । सामाजिक सञ्जालमार्फत बालेनले लेखेका छन्- 'काठमाडौं बाँकी ८ पेजमा

## सिमेन्ट निर्यातले निरन्तरता पायो

काठमाडौं । चालु आर्थिक वर्षको साउनदेखि जेठसम्म ११ महिनामा ६७ करोड ७६ लाख ५३ हजार रुपैयाँ बराबरको ८ लाख ९३ हजार १२१ टन सिमेन्ट तथा क्लिंकर निर्यात भएको छ । २०६९/७० मा निर्यात गरेको नेपालले त्यसपछिका दुई आर्थिक वर्षपछि त्यसलाई निरन्तरता दिन सकेन । पछिल्ला दुई आर्थिक वर्षदेखि फेरि सिमेन्ट निर्यातले निरन्तरता पाएको हो ।

आव २०६९/७० मा १ लाख ५६ हजार रुपैयाँ बराबरको सिमेन्ट निर्यात गरेको थियो । भारतबाटै कच्चा पदार्थ ल्याई तयारी सिमेन्ट निर्यात गर्दा महँगो लागत र सिमेन्ट उद्योग आँफै आत्मनिर्भर नहुँदा निकासीले निरन्तरता बाँकी ८ पेजमा

## संशोधनबिनै बजेट हुबहु पारित

काठमाडौं । गत जेठ १५ गते संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत भएको आर्थिक वर्ष २०८०/०८१ को केही नेताको क्षेत्रकेन्द्रित असन्तुलित बजेट प्रतिनिधिसभाको बुधबारको बैठकले बहुमतले पारित गरेको छ ।

बजेट पारित गराउनका लागि प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ता सहयात्री दलका नेताहरूलाई नै व्यक्तिगतरूपमा पछि बजेट थपिदिने प्रतिबद्धता व्यक्त गर्नुपरेको थियो । यद्यपि आम्दानी बढ्न सकेन भने अहिले विनियोजित बजेट पनि सरकारले उपलब्ध गराउन सक्ने अवस्था छैन । सरकारले आम्दानी हुन्छ भनेर योजनाहरूका लागि बजेटको अंक निर्धारण गरेको हो । तर, त्यो अंक ढुकुटीमा भएको पैसा छुट्याइएको होइन ।

बजेट पास गर्ने दिन प्रमुख प्रतिपक्षी नेकपा एमालेको अवरोध पार गर्नका लागि सरकारले जिल्ला निर्वाचन कार्यालयहरू खारेज गरी जिल्ला



प्रशासन कार्यालयमा निर्वाचन इकाइ रहने भन्ने बजेट वक्तव्यको अनुसूची १६ मा संशोधन गरेको छ । संसद्मा अर्थमन्त्री डा. महतले जिल्ला निर्वाचन कार्यालयहरू पूर्ववत् अवस्थामा रहने गरी बजेटको अनुसूची संशोधन भएको जानकारी गराएका थिए ।

यद्यपि बजेटमा दर्ता भएका निर्वाचन कार्यालयहरू पूर्ववत् अवस्थामा रहने भन्नेबाहेक अन्य सबै संशोधनहरू भने खारेज गर्दै बहुमतले बजेट पारित गरेको छ । बजेट पारित गर्न नेकपा एकीकृत समाजवादीले बाधा पार्ने र त्यही कारण अन्य सत्ता-सहयात्री दलहरू पनि पाखा लाग्ने आशंकामा प्रधानमन्त्री प्रचण्डले मंगलबार नै बालुवाटारको ललिता निवासको जग्गा घोटाला प्रकरणमा सात जनालाई पक्राउ गराएका थिए । प्रधानमन्त्रीले बुधबार संसद्मा बजेटका बारेमा सांसदहरूको जिज्ञासा मेटाउने क्रममा पनि उक्त ललिता निवास प्रकरणमा जोसुकैलाई पनि नछाड्ने भनेर माधव नेपाललगायतका नेताहरूलाई धम्क्याएर आफ्नो पक्षमा पारेका थिए । समाजवादीले सदनमा प्रस्तुत भएको बजेट हुबहु पारित नगर्ने निर्णय गरेको थियो । तर, बुधबार भने आफ्नो पूर्वअडानबाट पछि हटेर समाजवादीले संशोधन नभए पनि बजेट पास गर्ने पक्षमा मतदान गरेको थियो ।

बजेट पास गर्न भएको मतदानका पक्षमा एक सय ४७ मत र विपक्षमा एक सय आठ मत परेको थियो । बजेट पास गर्न भएको मतदानमा दुई सय ५५ जना सांसदको उपस्थिति थियो । सरकारमा बहुमत भए बाँकी ८ पेजमा

## थाइल्याण्डमाथि नेपालको फराकिलो जित



काठमाडौं । एसिसी यू- १६ इस्ट जोन कप क्रिकेटमा नेपालले थाइल्याण्डमाथि दुई सय २५ रनको फराकिलो हात पारेको छ । नेपालको सानदार जितमा ब्याटिङतर्फ नीरजकुमार यादव तथा नरेन भट्ट र बलिङतर्फ सन्तोष यादवको उत्कृष्ट योगदान रह्यो । पहिला ब्याटिङ गरेको नेपालले लागि ३५ ओभरमा दुई सय ६९ रन बनाउन सफल भयो । यसमा ओपनर नीरजकुमार यादव र सूर्यांशु कोइरालाले एक सय १० रनको साझेदारी पारी खेले ।

नीरज ४३ बलमा ७४ रन बनाउँदै आउट भए भने बाँकी ८ पेजमा


## यस्तो थियो ग्रेटर नेपाल रोक्ने ग्राण्डडिजाइन

**सन्दर्भ : योग दिवस**

■ पीएन नेपाल

सन् १९५० जुलाई ३१ तारिखमा नेपालसँग भएको तथाकथित शान्ति तथा मैत्री सन्धिको धारा ८ ले तत्कालीन दिल्लीलाई अन्यमनस्क बनाइदिएको थियो । लगत्तै सन् १९५० अक्टोबर ३० मा नेपाल र बेलायतबीच भएको सन्धिको धारा ८ ले दिल्लीको यो अन्यमनस्कतालाई थप बढाइदियो । त्रुटि गर्नलाई नै त्रुटि कहाँनिर भयो भन्ने सबभन्दा बढी थाहा हुन्छ ।

तत्कालीन दिल्ली काठमाडौंसँग सन्धि गरेर नेपाललाई आफ्नो मुठीमा राख्न व्यग्र थियो । चीनको प्रभाव नेपालमा नपरोस् र आफ्नो हातबाट नेपाल नउम्किओस् भन्ने ध्येयले उ अघि बढ्दै थियो । त्यसैले दिल्लीकै दबाबमा नेपालको तत्कालीन राणा सरकार भारतसँग उक्त सन्धि गर्न बाध्य भयो । यो सन्धिका धेरै दफा




भारतको पक्षमा भए पनि धारा १ र ८ का कारण नेपालको पक्ष मजबुत हुन पुग्यो ।

१० सूत्रीय यो सन्धिको धारा १ मा 'नेपाल सरकार र भारत सरकारका बीच अटल शान्ति र मित्रता रहनेछ । दुवै सरकारले परस्परमा एकले अर्काको पूर्णराज्यसत्ता, राज्यक्षेत्रको अक्षुण्णता र स्वाधीनता स्वीकार र आदर गर्न मञ्जुर गर्छन् ।' भनिएको छ भने धारा ८ मा 'जहाँतक यहाँ जिकिर गरिएका कुराहरूको सम्पर्क छ, ती सबैमा यो सन्धिपत्रले भारतको तर्फबाट ब्रिटिश सरकार र नेपाल सरकारबीचमा भएका यस अघिका सबै सन्धिपत्र स्वीकार पत्र र कबुलियतनामाहरूलाई खारेज गर्छ ।' भनिएको छ ।

चीनले नेपालसँग कुनै सन्धि गरेर भारतलाई अठ्याएमा पार्ला भन्ने डरले हतार र दवाबमा नेपालसँग सन्धि गर्दा भारतले नसोचेको काम हुन गयो । भारतीय पक्ष यो सन्धिमा कहाँनिर चुक्यो त ? भन्ने प्रश्नमाथि घोरिएर हेर्दा सर्वप्रथम धारा ८ को 'जहाँतक यहाँ जिकिर गरिएका कुराहरूको सम्पर्क छ' भन्ने पदावली (उपवाक्य) तर्फ ध्यान दिएर हेरौं ।

यो दससूत्रीय सन्धिका बाँकी नौ धारामा के के कुराको जिकिर गरिएको छ भनेर हेर्ने हो भने यो सन्धिको पहिलो धारामा दुवै मुलुकले एकअर्काको पूर्णसार्वभौमसत्ता, राज्यक्षेत्रको अक्षुण्णता र स्वाधीनतालाई स्वीकार र आदर गर्न उल्लेख छ भने दोस्रो धारामा कुनै तेस्रो राष्ट्रसँग फाटो पर्न गई यसबाट यी दुई मुलुकबीचको मित्रतामा असर पर्ने भए दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने कबुल गर्छन् भनिएको छ ।

तेस्रो र चौथो धारामा एकअर्को देशबीच राजदूतस्तरीय सम्बन्ध रहने र एकअर्को देशका विभिन्न क्षेत्र र बन्दरगाहमा कूटनीतिक प्रतिनिधिहरू रहने उल्लेख छ । पाँचौं धारामा दुवै सरकारले नेपाललाई चाहिने हातहतियारहरू भारतबाट र भारतको बाटो गरी पैठारी गर्न बन्दोबस्त मिलाउने छन् भनिएको छ । छैटौं धारामा दुवै सरकार आ-आफ्नो राज्यक्षेत्रमा रहेका नागरिकहरूलाई औद्योगिक र आर्थिक विकाससम्बन्धी क्रियाकलापमा सहभागी हुनलाई राष्ट्रिय व्यवहार दिन कबुल गर्छन् भनिएको छ । धारा ७ मा दुवै सरकार आफ्नो राज्यक्षेत्रमा रहेका अर्का मुलुकका रैतीलाई आफ्नो देशका नागरिक सरह विशेषाधिकार लिन प्रतिबद्ध छन् भनिएको छ । धारा ८ मा नेपाल बृटिश-इण्डियाबीच भएका सबै सन्धि-सम्झौता रद्द हुन्छन् भनिएको छ । यो सन्धिको धारा ९ मा हस्ताक्षर भएकै मितिदेखि यो सन्धि लागू हुने र धारा १० मा कुनै एक मुलुकले १ वर्षको भाखा दिई यो सन्धिपत्रको अन्त्य गर्न नखोजेसम्म यो बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# नागरिकताका नाममा राजनीति

जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेका बाबु–आमाका सन्तानले बंशजका आधारमा नागरिकता प्राप्त गर्ने बाटो सर्वोच्च अदालतले खोलिदिएको छ । १० महिना अघि तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण नगरी थन्क्याएर राखेको नागरिकता संवन्धि विधेयक वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले गत जेठमा प्रमाणीकरण गरे पछि नयाँ विवाद सुरू भएको थियो । नयाँ संसद आइसके पछि पुरानो संसदले पारित गरेको विधेयक जिवित रहन्छ वा रहन्न ? भन्ने प्रश्नलाई लिएर सर्वोच्च अदालतमा मुद्दा दायर भएको थियो ।

सर्वोच्च अदालतले तत्काल अल्पकलिन अन्तरिम आदेश जारी गर्दै राष्ट्रपति पौडेलद्धारा प्रमाणित विधेयक तत्काल कार्यान्वन नगर्न आदेश दिएको थियो । तर गत बिहिबारको संयुक्त इजासले उक्त आदेश खारेज गरिदिएको छ । अघिल्लो आदेश खारेज भए सँगै नयाँ विधेयक अनुसार नागरिकता प्रमाणपत्र वितरण सुरू भइसकेको छ । यो विधेयकमा प्राय सबै जसो प्रावधानहरू साविककै भए पनि जन्मसिद्ध नागरिकका सन्ततीले बंशजको नागरिकता पाउने प्रावधान भने नयाँ हो । नागरिकता विधेयक संवन्धि विवाद हुनुका मुख्य विषय दुई वटा थिए ।

संसदले पारित गरेको विधेयक थन्क्याएर राख्ने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको छ की छैन ? नयाँ संसद आइसके पछि पुरानो संसदले पारित गरेका तर राष्ट्रपतिबाट प्रमाणित हुन बाँकी रहेका विधेयक जीवित रहन्छ की रहँदैन ? सर्वोच्च अदालतको बिहिबारको फैसलाले यी दुवै प्रश्नको स्पष्ट उत्तर दिएको छ ।

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट दुई–दुईपटक पारित भएर पनि तत्कालीन राष्ट्रपति भण्डारीले पारित नगरी थन्क्याएकी थिइन् । त्यही विधेयक हालका राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेपछि सर्वोच्च अदालतमा रिट दायर भएको थियो । संसदले पारित गरेका विधेयकहरू अस्वीकार गर्ने अधिकार राष्ट्रपतिलाई नभएको फैसला सर्वोच्च अदालतले गरेको छ । सर्वोच्चको यो फैसला अनुसार तत्कालिन राष्ट्रपति भण्डारी दोषी रहेको स्पष्ट भएको छ । यसैगरी सर्वोच्च अदालतले साविकको संसद्बाट पारित भएर प्रमाणीकरणका लागि राष्ट्रपति कहाँ पुगेका विधेयकहरू नयाँ संसद आएपछि पनि जीवित रहने फैसला गरेको छ ।बिहिबारको यो फैसला पछि विधेयक प्रमाणीकरण संवन्धि प्रक्रियागत विवाद समाप्त भएको छ । तर नागरिकता प्रमाणपत्र वितरण संवन्धि विवाद भने यथावत छ । यो विवादलाई लिएर मुलुकको राजनीति दुई कित्तामा विभाजित देखिएको छ । एउटा कित्ता नागरिता वितरणमा राज्य उदार बन्न नहुने पक्षमा छ भने अर्को कित्ता नागरिकता वितरण प्रणाली सरल र सहज बनाउनु पर्ने पक्षमा छ ।

जो नेपाली हो, उसले कुनै पनि हालतमा सहज र सरल रूपमा नागरिकता प्रमाणपत्र पाउनै पर्छ । जो नेपाली होइन उसले कुनै पनि हालतमा नागरिकता प्रमाणपत्र पाउनु हुन्न । चुरो कुरा यही हो । तर यही विषयमा राजनीति प्रवेश गरेका कारण सँधै विवाद हुने गरेको छ । जहिले देखि नागरिकता प्रमाणपत्र वितरण गर्ने प्रावधान सुरू भयो, तहिले देखि नै यो विवाद छ । यो विवाद हुनुको मुख्य कारण हो –'नेपाल–भारत बीच खुला सिमाना तथा सीमा क्षेत्रको जनस्तरमा रोटीबेटी एवं भाइ बन्धुत्वको संवन्ध ।'

यही कारण मधेसी समुदायको दृष्टिकोण र पहाडीया समुदायको दृष्टिकोण फरक फरक देखिने गरेको छ । यही फरक दृष्टिकोणको जगमा तराईमा मधेसीदलहरू फष्टाएका छन् भने पहाडमा नागरिकता प्रदानको प्रावधान कडा बनाउनु पर्छ भन्नेहरूको राजनीति फष्टाएको छ । त्यसो त सत्तामा हुँदा नागरिकता विधेयकका तिनै प्रावधान ठिक हुने तर प्रतिपक्षमा पुग्ना साथ तिनै प्रावधान राष्ट्रघाति हुने चरित्र बोकेका केपी शर्मा , विद्या भण्डारी लगायतले पनि राजनीतिक खिचडी पकाइ रहेका छन् । नागरिकता वितरण जस्तो कानुन निर्माण गर्दा राष्ट्रिय सहमति हुन नसक्नु भनेको खतराको संकेत हो । नागरिकताका नाममा राजनीति हुनु हुँदैन ।

# अब छप्काउने नै हो



सुरेन्द्र ढकाल

नागरिकता र भारतीय चलचित्र नेपालमा प्रदर्शन सम्बन्धमा अदालतले गरेको निर्णय राष्ट्रको पक्षमा देखिएको छैन । हिजो राष्ट्रघाती महाकाली सन्धि पास गर्दा ब्यवस्थापिकाले गरेको निर्णय र सत्तामा बस्ने कार्यपालिकाका प्रमुखहरूले बारम्बार गरेका निर्णयहरू मात्रै राष्ट्रघाती हुने गर्थे अब राष्ट्रको तीनवटै अंग न्यायपालिका समेत राष्ट्रको विरुद्धमा लागेपछि हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता चुप लागेर बस्ने स्थितिमा छैनौ, त्यसरी बस्नु भनेको सिक्किमको नियती भोग्नु हो । २००७ देखि २०६३ सालसम्म आउँदा हामीले प्रजातन्त्रका लागि बारम्बार आन्दोलन गऱ्यौं, व्यवस्था परिवर्तन गऱ्यौं तर देश र जनताको अवस्थामा कुनै परिवर्तन आएन, राष्ट्रघातीहरूको संख्यामा बढोत्तरी भयो, भ्रष्टाचार र कमिसनको माध्यमबाट राष्ट्रको ढुकुटी दोहन गर्दै नेता भनाउँदाहरू नव सम्भ्रान्त बन्न पुगे, भ्रष्टाचार र राष्ट्रघातले सीमा नाघ्यो । दक्षिणको जनसंख्या डेढ अरब नाघ्दैछ । नेपाल भारत सीमाका भारतपट्टिका गाउँ सहरका भारतीयहरू धमाधम नेपाली नागरिकता लिंदैछन्, भारतीय बुहारी र ज्वाइँहरूलाई जग्गेबाटै गोडधुवा गरेको पारामा नागरिकता दिइँदैछ भने नेपाल भन्ने देश खोज्न अब इतिहासको पाना पल्टाउनुपर्ने दिन नआउला भन्न सकिन्न ।

सबै राजनीतिक दलहरूमा भारतीय गुप्तचर संस्था रअका तलवी एजेन्टहरूको बहुमत छ । नेपालको प्रधानमन्त्री भनाउँदोको स्तरलाई भारतीय सहसचिवको स्तरमा झारिँदा समेत यी एजेन्टहरू गर्वले छाती फुल्याउँछन्, नेपालको सूक्ष्म ब्यवस्थापन पुरै भारतको हातमा पुगिसकेको छ भने अब पनि चुप लागेर बस्ने हो त ? अखण्ड भारतको नक्सा नयाँ संसद भवनको भित्तामा टाँगेर भारतले छिमेकीहरूलाई खाने योजना अगाडि सारिसकेको छ । सत्तारुढ भारतीय जनता पार्टीको सैन्य दस्ता आरएसएस सो नक्सा कार्यान्वयनको दिशामा अघि बढिसकेको छ तर तिनका कठपुतलीहरू नेपाली जनतालाई भेडा बनाउन लागि परेका छन् भन्ने गर्छन् । त्यो नक्सा राजनीतिक होइन रे सांस्कृतिक रे ।

महाभारतकालमा जुन बेला उत्तरी भारतमा हस्तिनापुरको कौरव साम्राज्य थियो त्यति नै बेलामा पनि भारत वर्षमा थुप्रै स्वतन्त्र राजा रजौटाहरू थिए भन्ने कुरा महाभारत लडाइँमा कौरव र पाण्डवको पक्षमा लागेका राजा रजौटाहरूको संख्याले प्रष्टै पारेको थिएन र ? कहाँ थियो खोइ अखण्ड भारत ? हिजो इन्दिरा गान्धीले तत्कालिन सोभियत संघसँग सैनिक सम्झौता गरी त्यसको बलमा ७० को दशकमा पाकिस्तानलाई टुक्र्याइ बंगलादेश बनाइन्, सिक्किमलाई क्वाप्लाक्कै खाइन् । अहिले मोदी अमेरिकी र पश्चिम युरोपेली सैनिक बलमा चीनलाई समेत विखण्डन गरी अखण्ड भारत बनाउने सपना देख्दैछन् ।

हिन्द प्रशान्त रणनीति, क्वाड, अकस हुँदै सिंगै युरोप, जापान अष्ट्रेलिया र भारत अमेरिकी सैनिक खेमाको अभिन्न अंग बनिसकेको छ । त्यसै युक्रेन युद्ध सुरु भएको होइन । अब अमेरिका दोस्रो युक्रेन नेपाललाई बनाउँदैछ । तसर्थ अब विशाल नेपाल चाहने सम्पूर्ण राष्ट्रवादी नेपालीहरू एक भइ राष्ट्रवादी जनआन्दोलनमार्फत अमेरिकी समर्थक अहिलेका सत्तारुढ र विपक्षी दलहरूलाई ठेगान नलगाउने हो भने हाम्रो नियति युक्रेन हुँदै सिक्किमको हुन पुग्नेछ । त्यसैले हिन्द अमेरिकी भ्रष्ट राष्ट्रघाती दलालहरूलाई अब सडकबाटै तह लगाउनुपर्ने दिन आउँदैछ । त्यसैले अब देश बचाउने भनेको तिनीहरूलाई जहाँ भेटिन्छ त्यही छप्काउने राष्ट्रवादी आम जनआन्दोलन नै हो । यसको अब कुनै विकल्प छैन ।






# आर्थिक विकास र खुल्ला सिमाना

■ राजीव झा

अहिले भारत विश्वकै एउटा ठूलो अर्थतन्त्र र विभिन्न हिसाबले विश्वको उदाउँदो शक्ति बनेको छ । घनिष्ठ मित्र र छिमेकीका नाताले नेपाल-भारतबीच सहकार्य एवं साझेदारी अपरिहार्य छ । नेपाल र भारतको द्विपक्षीय सम्बन्धलाई अबका दिनमा सामाजिक, सांस्कृतिक, धार्मिकसँगै आर्थिक साझेदारीका रूपमा अगाडि बढाउनुपर्छ ।

हामीबीचको भौगोलिक खुल्ला सिमाना र वर्षौंदेखिको ऐतिहासिक सम्बन्धका कारणले पनि भारत नेपालको अत्यन्तै नजिकको मित्र हो । नेपाल र भारतबीचको जुन किसिमको आर्थिक सम्बन्ध छ, त्यो व्यापार (ट्रेड) मा मात्रै सीमित छ । उद्योग स्तरमा पनि सम्बन्ध हुनुपर्ने हो तर त्यसो हुन सकेको छैन ।

हाम्रो देशमा जबसम्म विदेशी लगानी अत्यधिक मात्रामा आउँदैन, तबसम्म हाम्रो देशको विकासले गति लिन सक्दैन । आजको एक्काईसौं शताब्दीमा सम्बन्ध भनेको बेटीरोटीको साथै व्यवसायिक सम्बन्ध पनि हो । व्यवसायिक सम्बन्धका कारण मात्रै एक अर्का देशबीच सम्बन्ध झन् प्रगाढ बन्न सक्छ ।

व्यवसायिक सम्बन्धले नै जनता-जनताको बीचमा अनि सरकार-सरकारको बीचमा पनि सम्बन्ध अझै प्रगाढ बनाउँछ । भारतसँग हाम्रो भाईचारा, दोस्ती, सद्भाव अनि पारिवारिक सम्बन्ध रहँदा रहँदैप नि उद्योगमा भारतको लगानी नेपालमा कम तर नेपाल र भारतको बीचमा व्यापारिक कारोबार अरु देशहरूको तुलनामा धेरै नै बढी छ । जबसम्म हामीले व्यापारिक साझेदारीलाई औद्योगिक साझेदारीको रुपमा रुपान्तरण गर्दैनौं तबसम्म हाम्रो देशको दिगो विकास सम्भव हुँदैन ।

आजको दिनमा भारतले विश्वव्यापी रुपमा आफ्नो लगानीलाई विस्तार गरिरहेको छ । नेपालका विभिन्न क्षेत्रहरू जस्तो पर्यटन, हाईड्रोपावर, कृषि, शिक्षा, स्वास्थ्य लगायतका अन्य थुप्रै क्षेत्रहरूमा प्रचुर सम्भावनाहरू छन् । तर यही सम्भावनाका कुराहरू हामीले हाम्रो विदेशी मित्रहरूलाई समेत बुझाउन सकेका छैनौं ।

जबसम्म भारत सरकारले नेपालमा लगानी गर्न आफूसहित विदेशी कम्पनीहरूलाई प्रोत्साहन गर्दैन तबसम्म नेपालले व्यक्तिगत पहलकदमी लिनु सार्थक हुँदैन । तर पनि भारतीय निजी क्षेत्रका लगानीकर्ताहरूलाई नेपालमा लगानी भित्र्याउन र विश्वासको वातावरण सिर्जना गर्न नेपालका नीजी क्षेत्रकाहरू रातदिन लागिपर्नु भएको छ र त्यो कदम सार्थक पनि बन्दै गएको छ । ठूलो लगानी बल्कमा भित्रियो भने सानोतिनो लगानी स्वतःस्फूर्त रुपमा भित्रिन्छ । त्यसैले विदेशी लगानी बल्कमा नेपालमा भित्रियाउन आवश्यक छ ।

'सबैको साथ सबैको विकास सबैको विश्वास' प्राप्त गर्ने भारत सरकारको चाहना र 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न द्विदेशीय साझेदारी र सहकार्यको विकल्प छैन । सशक्त सहकार्यमुखी भारत-नेपाल सम्बन्ध दुई देशका जनताको हितमा छ । आपसी सम्बन्धलाई अझ प्रगाढ एवं परिणाममुखी तुल्याउनुपर्ने आजको अपरिहार्यता छ ।

विकास सहायता, सबल सम्पर्क सञ्जाल, विस्तारित भौतिक पूर्वाधार र आर्थिक सहयोगका परियोजनामा केन्द्रित रहेर भारतले नेपालसँगको सम्बन्धलाई अघि बढाउँदै आएको छ । नेपालको विकासका प्राथमिकतानुसार भारतले निरन्तर सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ । नेपाललाई भारतले आफ्नो प्रमुख मित्र र विकासको साझेदारका रुपमा लिएकोले दुवै देशका विकास एवं सामाजिक-आर्थिक रुपान्तरणका समान चुनौती रहेकाले एकार्काका अनुभवबाट सिक्न आवश्यक छ ।

**विश्वव्यापीकरण र आर्थिक उदारीकरणले अर्थ व्यवस्था जुन गतिले विस्तार भयो, यो नियन्त्रणात्मक व्यवस्थामा सम्भव थिएन । व्यापारसँगै मानिसको सहज आवागमन आर्थिक सामर्थ्यका आधारमा साना मानिएका देशका लागि थप अवसर हो । सिमाना नियन्त्रणबाट खुलापन संकुचित हुन्छ ।**

भारत सरकारको सहयोगमा स्थानीय समुदायका आवश्यकतानुसार सामुदायिक सम्पत्ति निर्माण तथा तल्लो तहमा सामाजिक-आर्थिक समृद्धि प्रवर्द्धन गर्न समुदाय विकासमा उच्च प्रभाव पार्ने परियोजना नेपालका ७७ वटै जिल्लामा कार्यान्वयन भइरहेको छ । तिनमा शिक्षा, स्वास्थ्य, सिँचाइ, पेयजल, संस्कृति र सम्पदा संरक्षण, सीप विकास, युवा प्रशिक्षण र कृषिलगायत विकास परियोजना समावेश गरिएको छ ।

नेपाल र भारतको सम्बन्ध आत्मीय रहेको तथा त्यसले दुई देशका जनताबीच शक्तिशाली सम्बन्धलाई अझ सुदृढ बनाएको छ । नेपालको दीर्घकालीन विकासका परियोजनामा भारतले सहकार्य गरेको र कैयौं परियोजना सम्पन्न भएको तथा बाँकी परियोजना द्रुत गतिमा पूरा गर्न भारत प्रतिबद्ध रहेको हामी हेरिरहेका छौं ।

भारतले सन् २०२२ को अप्रिलदेखि सन् २०२३ को जनवरीसम्म भारत-नेपाल विकास साझेदारीअन्तर्गत ७५ परियोजना उद्घाटन गरिसकेको छ । उद्घाटन भएका परियोजनामा १७ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजना, ४८ वटा भूकम्पपछिको पुनर्निर्माण परियोजना ७७ जिल्लाका ३० विद्यालय र ४ जिल्लाका १४ वटा स्वास्थ्य पूर्वाधार रहेका छन् ।

भारतले वि.सं. २०७२ मा गएको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका ११ जिल्लाका शिक्षा तथा स्वास्थ्य परियोजनालाई १० करोड अमेरिकी डलरका दरले सहयोग प्रदान गर्ने प्रतिवद्धता जनाएको छ ।

भारतले नेपालको विकासका लागि जयनगर-कुर्ता रेलमार्ग उद्घाटन, १३२ केभीको सोलु कोरिडोर प्रसारण लाइन उद्घाटन, ७५ एम्बुलेन्स र १७ स्कुल बस सहयोग, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई सहयोग, विपद् तथा राहत सामाग्री सहयोग, निर्वाचन सम्पन्नका लागि २०० सवारी साधन सहयोग, भारतको धार्चुला र नेपालको दार्चुला जोड्ने मोटरेवल पुलको शिलान्यास कार्य सम्पन्न गरेको छ । यसबाहेक भारतले दुई देशबीचको रक्षा सहकार्य, व्यापार साझेदारी र शैक्षिक आदानप्रदानमा समेत सहयोग एवम् सहकार्य गरेको छ ।

भारतले शैक्षिक आदानप्रदान कार्यक्रम मार्फत महात्मा गान्धी छात्रावृत्ति योजनाअन्तर्गत ५००, स्वर्णजयन्ती छात्रावृत्ति योजना २००, भारतमा अध्ययन गर्न जाने ७०० विद्यार्थीलाई छात्रावृत्ति, भारतको आर्मी पब्लीक स्कुल अध्ययनका लागि ३३ जनालाई छात्रावृत्ति प्रदान लगायतका सहयोग हुँदै आएको छ ।

विश्वव्यापीकरण र आर्थिक उदारीकरणले अर्थ व्यवस्था जुन गतिले विस्तार भयो, यो नियन्त्रणात्मक व्यवस्थामा सम्भव थिएन । व्यापारसँगै मानिसको सहज आवागमन आर्थिक सामर्थ्यका आधारमा साना मानिएका देशका लागि थप अवसर हो । सिमाना नियन्त्रणबाट खुलापन संकुचित हुन्छ ।

अमेरिकाको दक्षिणी सिमानाका देशहरूले अमेरिकाजस्तो विशाल बजार भेट्टाएरै आर्थिक उन्नतिमा छलाङ मारेका छन् । यूरोपेली संघ देशबीचको आपसी खुलापनबाट लोभलाग्दो आर्थिक प्रगति सम्भव भएको छ । यो आबद्धता आज एकीकृत शासकीय संरचनाको बहसतर्फ अगाडि बढ्न थालेको छ । भारतसँग हाम्रो आर्थिक सम्बन्ध बढी आबद्ध हुनुमा भौगोलिक सहजतामात्र होइन, योसँगै खुला सिमाना पनि प्रमुख कारण हो ।

खुला सिमानाले हाम्रो समाजमा ठूलो सांस्कृतिक विविधता ल्याउन सक्छ । विश्वका धेरै देशहरूमा खुला सिमानाहरू छन् । सामान्यतया, खुला सिमानाले अन्तर्राष्ट्रिय व्यापारलाई पनि प्रोत्साहन गर्छ । खुला सिमानाका साथ आफ्ना वस्तुहरू ढुवानी गर्न कम्पनीहरूलाई धेरै सहज हुने भएकाले कम्पनीहरूलाई आफ्नो लक्षित बजार विस्तार गर्न अझ बढी आकर्षक बन्नेछ । फलस्वरूप, त्यहाँ थप अन्तर्राष्ट्रिय व्यापार सम्झौताहरू हुनेछन् जसले समग्र रूपमा हाम्रो विश्वव्यापी अर्थतन्त्रलाई फाइदा पुऱ्याउन सक्छ ।

*(मधेस दर्पण फिचर सेवा)*

# किंगकम स्पोर्ट्स क्लब तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य



**स्थापना**

कामपा वडा नं ३१ भीमसेनगोला, बानेश्वर क्षेत्रमा उदय भएको लालुपाते फुटबल क्लब ए डिभिजनबाट रेलिगेसनमा परेपछि यस क्षेत्रमा किङकम स्पोर्टस क्लबको उदय भएको हो । २०३७ सालमा राजा विरेन्द्र वीरविक्रम शाहदेव विदेश भ्रमणबाट नेपाल फर्किंदाको समयमा संस्थापक अध्यक्ष स्व. दिपक गुरुङ तथा कार्य समितिका पदाधिकारीहरू र आजीवन सदस्यहरूको सहमतिमा क्लबको नाम किङकम स्पोर्टस क्लब (King Come Sports Club) नामाकरण भएको हो । हाल यस क्लबको अध्यक्षमा राजेश गुरुङ कार्यरत हुनुहुन्छ ।

**क्लबका क्रियाकलापहरू**

यस क्लबले स्थापनाकालदेखि नै विभिन्न फुटबल प्रतियोगिता र खेलकुद गतिविधि गर्दै आएको छ । थोरै कोष संकलन गरी व्यायामशाला पनि स्थापना गरेको छ । क्लबले स्थानीय तथा निम्न वर्गका खेलकुदप्रेमीहरूलाई लाभान्वित गर्ने कार्य गर्दै आएको छ । क्लबले सामाजिक कार्यहरू पनि निरन्तर गर्दै आइरहेको छ । भारतले गरेको नाकाबन्दीको बेला मट्टीतेल वितरणमा क्लबका सदस्यहरूले स्वयंसेवकको भूमिका निर्वाह गरेका थिए । क्लबले बाढीपहिराको समयमा चन्दा संकलन गरी प्रधानमन्त्री कोषमा रकम जम्मा गरेको छ । द्वन्दकालको समयमा नेपाली सेनाको आग्रहमा रक्तदान कार्यक्रम संचालन गरी नेपाली सेनाको लागि १५० पिन्ट रगत संकलन गरेको थियो । कोभिडको महामारीमा ९, १०, ३० र ३१ वडाहरूमा स्यानिटाइज्डको वितरण कार्यक्रम संचालन गरेको थियो ।

क्लबले निम्न वर्गका व्यक्तिहरूका लागि उनीहरूकै बासस्थानमा लगेर दिनमा १ छाक खाना उपलब्ध गराउँदै आएको छ । यस्तै लामो दूरीको यात्रापछि घर फर्किनेहरूका लागि बसमा प्याकिङ खाना वितरण गर्ने काम गरेको छ । सिभिल अस्पताल र कान्तिबाल अस्पतालका बिरामी कुरुवाहरूका लागि अस्पतालमा एक छाक खाना वितरण गरेको थियो ।


यस क्लबले विगत ११ वर्षदेखि बबिन स्मृति व्याटमिन्टन प्रतियोगिता र ४ बर्षदेखि स्मृति भेट्रान्स फुटबल प्रतियोगिता संचालन गर्दै प्रतियोगिताको मुनाफाबाट निम्न वर्गको उपचारका लागि सहयोग गर्दै आइरहेको छ । हाल यो क्लबले बालबालिकाहरूका लागि फुटबल एकेडेमी संचालन गरिरहेको छ । वार्षिक रक्तदान कार्यक्रम संचालन गदे आइरहेको छ । साथै यस क्लबले निर्मल बाल विकास विद्यालयमा (सुस्थ मनस्थिति बालबालिकाको स्कुल) हरेक वर्ष विद्यार्थीसँग नयाँ वर्ष मनाइरहेको छ ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य**

क्लबले यसै वर्षदेखि सामाजिक क्षेत्रमा कार्यरत सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरेको छ । सोअनुरुप त्यस प्रतिष्ठानले यस क्लबलाई रु एक लाख बराबरको खेलकुद सामग्री उपलब्ध गराएको थियो । साथै उक्त प्रतिष्ठानसँग स्थायी रुपमा आबद्ध भई आगामी वर्षहरूमा पनि त्यस्तै सहयोगको अपेक्षा गरिएको छ । प्रतिष्ठानसँगको आबद्धता र सहकार्यको कारण क्लबका क्रियाकलाप सहज हुने आशा गरिएको छ । त्यसका लागि क्लब प्रतिष्ठानप्रति कृतज्ञता ज्ञापन गर्दछ ।



# दैनिक कति समय, कसरी हिंड्ने ?



काठमाडौं । हिंड्नु स्वास्थ्यका लागि राम्रो हो भन्नेमा त कसैको दुईमत छैन । तर अहिले धेरैजसो व्यक्ति हिंड्न रुचाउँदैनन् । यसको कारणमा उनीहरू व्यस्ततालाई देखाउँछन् । तर यो मात्रै कारण भने होइन ।

अहिले अधिकांश कामकाजी व्यक्तिसँग आफ्नो सवारीसाधन हुन्छ, जसले उनीहरूलाई हिंड्ने जाँगर चल्दैन । आफ्नै सवारीसाधन नहुनेहरू पनि केही मिनेट हिंड्नुभन्दा सार्वजनिक सवारीसाधनमै यात्रा गर्न रुचाएको देखिन्छ ।

तर व्यस्त जीवनशैलीबाट केही समय निकालेर हिंड्ने बानी बसालेमा शरीरलाई फाइदाजनक हुने फिजियोथेरापिस्ट डा. निर्मल प्रजापति बताउँछन् ।

'हिंड्दा मासंपेशी बलियो हुन्छ । फोक्सो, कार्डियो (मुटुको चाल), जोर्नी तथा शरीरका पूरै अंगलाई फाइदा पुग्छ । यो अरु व्यायामजस्तो कुनै खास अंगमा मात्र केन्द्रित नहुने भएकाले लाभदायक छ,' उनी भन्छन् ।

पैदल हिंड्ने बानीले मधुमेह, उच्च रक्तचाप, उच्च कोलेस्टेरोल, मुटुरोग, मोटोपन नियन्त्रणका लागि पनि फाइदा गर्छ ।

अर्का फिजियोथेरापिस्ट डा. रञ्जीत सिंह हिंडाइले शरीरको खुट्टादेखि पूरै जीउ स्वस्थ बनाउन मद्दत पुऱ्याउने बताउँछन् । 'जो हिंड्दैन ऊ बाँच्दैन भनिन्छ । त्यसैले उमेर र रोगअनुसार दैनिक बिहान बेलुका सबैले हिंड्नुपर्छ,' उनी भन्छन् ।

चारदेखि १० वर्षका बालबालिकालाई यति नै समय हिंड्नुपर्छ भन्ने छैन । १० देखि १५ वर्षसम्मका बालबालिकाले दैनिक ३० मिनेट, १६ देखि ३५ वर्षसम्मका दैनिक कम्तीमा ४५ मिनेट हिंड्नु उत्तम हुन्छ । वृद्धवृद्धाले सम्भव भएसम्म दैनिक आधा घण्टा हिंड्नु राम्रो हुन्छ ।

हिंड्नुको पनि तरिका हुन्छ । हिंडाइलाई व्यायाम रुपमा लिने हो भने पसिना आउनेगरी छिटोछिटो हिंड्नुपर्ने प्रजापति बताउँछन् । 'कुनै न कुनै बेला दैनिक हिंडेको छु, तर पनि केही प्रभाव भएन भन्ने गरेको पनि हामी सुन्छौं । तर साधारण हिंडाइलाई व्यायाम मानिंदैन,' उनी भन्छन् ।

हिंड्दा दायाँ खुट्टा अगाडि सार्दा बायाँ हात पछाडि लैजानुपर्छ । बायाँ खुट्टा अगाडि सार्दा दायाँ हात पछाडि गर्नुपर्छ । यसरी खुट्टाको चालमा हातसँगै लैजानुपर्ने हुन्छ । बिरामी, वृद्धवृद्धा, हाडजोर्नीको समस्या भएकाहरूले बिस्तारै हिंड्नुपर्छ ।

'हिंड्ने भनेर जहाँ पायो त्यही हिंड्नु हुँदैन । धुवाँधुलो प्रदूषणरहित हरियाली भएको सफा क्षेत्रमा हिंड्नु उपयुक्त हुन्छ,' प्रजापति भन्छन्, 'मुटु, उच्च रक्तचाप, फोक्सोका रोगी चिसोयाममा बिहान नहिंडेर घाम लागेपछि वा चिसो कम भएपछि मात्र हिंड्नु उपयुक्त हुन्छ ।'

सम्भव नभए बरु घर वपिरि केहीबेर छिटोछिटो हिंड्नु राम्रो हुने उनी सुझाउँछन् । हिंड्दा आरामदायक चप्पल वा जुत्ता लगाउनुपर्छ । बढी खुकुलो वा बढी टाइट कपडा वा जुत्ता लगाउनु हुँदैन ।

अहिलेको व्यस्त जीवनशैलीमा ढाड दुख्ने समस्या साझाजस्तै बनेको छ । एउटै पोजिसनमा लामो समय बसेर काम गर्दा ढाड दुखाइसँगै अन्य विभिन्न समस्या देखा पर्छन् । मांसपेशी तन्किने, कमजोर हुने, खिइने समस्या धेरै देखिन्छ ।

'त्यसैले टेबलमा बसेर काम गर्नेहरूको लागि हिंडाइ एकदमै लाभदायक र सरल व्यायाम हो,' फिजियोथेरापिस्ट डा. सिंह भन्छन्, 'कामको व्यस्तताले जिम वा अरु व्यायाम गर्न समय छुट्याउन मुस्किल होला । तर नजिकै कतै जाने बेला हिंड्न त सकिन्छ ।'

कथा

# कुचकुचिया

आलोक

बार्दलीमा बसेर आकाशतिर देखाउँदै ज्योत्स्ना चौधरीकी हजुरआमाले भनिन्- 'ज्योति तैंले कुचकुचिया देखेकी छेस् ।'

'कुचकुचिया ?' के हो बज्यै त्यो भनेको ?

'आकाशमा हेर त । लाखौं ताराहरूसँग कुचकुचिया देखिन्छ ।' बज्यैले नातिनीको कपाल मुसार्दै भनिन् ।

'बज्यैले कति कुरा जान्नुभएको छ । क ख पनि चिन्नुभएको छैन तर सयौं बोटबिरुवा, पशुपक्षी, धानका जातहरू, अनेकथरी कीरा फट्यांग्राका नामहरू कण्ठस्थ छ । कसरी थाहा हुन्छ यी सबै कुरा ?' ज्योत्स्नाले सोधिन् ।

साठी वर्षकी भएँ । तेरो बाजेसँग बिहे गर्दा सात वर्षकी थिएँ । आँगन र बगैंचामा खेल्दा कति धेरै झगडा पर्थ्यो । उनी मलाई मिश्री खान दिएर फकाउँथे । मलाई मिश्री साह्रै मीठो लाग्थ्यो । एकदिन खेतबाट फर्किंदा उनले मलाई खुला आकाशतिर देखाउँदै भनेका थिए- 'बुधुनी, तैंले कुचकुचिया देखेकी छेस् ।'

'अहँ छैन... । के हो त्यो भनेको ? मैले भनें ।

'आँखा चिम्म गरिस् भने म बताउँछु ।' उनले भने ।

'मैले आँखा चिम्म गरें । पछाडिबाट उनले मेरा आँखाहरू छोपिदिँदै गालामा म्वाई खाए । त्यो दिन सम्झिँदा मलाई कुचकुचियाको याद आउँछ र कुचकुचिया देखेपछि त्यो दिनको घटना सम्झिन्छु । ज्योति, तेरो बाजे देवताजस्ता थिए । कहिले पनि कसैलाई दुःख दिएनन् । जमिनदार भए पनि कहिले कसैलाई चित्त दुखाएनन् । घरमा पालेको हात्ती मर्दा उनी निक्कै रोएका थिए । म पनि उनीसँगै रोएकी थिएँ । हात्ती मरेको दिन उनले केही खाएनन् । सन्तानलाई जस्तै माया गर्थे उनी । तेरो बाजेले जीवनमा मलाई कहिले गालीसम्म गरेनन् । नोकरचाकरहरू भन्थे- 'यस्तो जोडी त भाग्यमानीहरूको मात्रै हुन्छ मालिक्नी ।'

बुधुनीका आँखा रसाए । उनले पतिलाई सम्झिँदा एकएक गर्दै पुराना दिनहरू सम्झिइन् । घरमा आठ-दशजना नोकरचाकर थिए । साँझ-बिहान चौंतीस पैंतीस जनाका लागि खाना पाक्थ्यो । टाढाटाढाका मानिसहरू पनि कृष्णबहादुर जिम्दारलाई भेट्न आइरहन्थे । ठूलो आँगन र घरवरपर बयलगाडाहरू, ट्र्याक्टरहरू र खुला जीप सधैं देखिन्थ्यो । वर्षाऋतुमा कृष्णबहादुर र बुधुनी हात्ती चढेर खेतमा जान्थे । रझेना गाउँमा मात्र होइन, पचासौं किलोमिटर टाढाटाढासम्म कृष्णबहादुरलाई नचिन्ने कमै थिए ।

ज्योतिले सोधी- 'बज्यै, तपाईंलाई बाजेको माया लाग्छ ?'

'किन नलाग्नु नि, उनी भगवान् थिए भगवान् । त्यस्तो लोग्ने कसैले पाउँदैन ... ।' बुधुनी बोलिन् ।

भुरी गाउँबाट रझेनामा बिहे गरेर जाँदा बुधुनी खुबै रोएकी थिइन् । सानो काम बिगार्दा फूपू सासूले उनलाई 'छच्छाइल' भनेर हप्काएकी थिइन् । वास्तवमा नै उनी पुलपुलिएकी छोरी थिइन् । सम्पन्न माइतीमा सात वर्षकी बालिकाले के नै पो गर्नुपर्छ र ?

बिहान ६-सात बजे उठेरमुख धुन्थिन् । चिया खान्थिन् । साथीहरूसँग खेल्थिन् र यस्तैमा दिन बित्थ्यो । बुधुनीकी साथी थिइन् ठेम्ना । राम्ररी नबढेकी पुड्की भएकीले आमाबाबुले उसलाई ठेम्ना भन्थे ।

बिहे भएर बुधुनी भुरीगाउँबाट दाङ जान लाग्दा साह्रै रोएकी थिइन् ठेम्ना । ठेम्ना र अरु साथीहरू रोएको देखेर निसासिँदै रोएकी थिइन् बुधुनी ।

पुराना तस्बिरहरू ओल्टाइपल्टाइ हेरेझैं अतीततर्फ फर्किँदै बुधुनी बोलिन्- 'ज्योति, ढुर्रा-लौसर्ना' गर्दा म निकै लजाएकी थिएँ । म अब तरुनी भइछु भन्ठानेर ऐना हेरेकी थिएँ । बिहान नुहाएर कोरिबाटी गरेपछि मलाई एक किसिमको लाजले छोपेको थियो ।'

'बज्यै, म तपाईंको कुरै बुझ्दिनँ । फेरि के हो यो दुर्रा लौसर्ना भनेको नि ।' ज्योति वास्तवमा अनभिज्ञ थिई थारु संस्कृतिप्रति ।

ज्योतिका बुबा प्रकाशले छोरीलाई काठमाडौंको अंग्रेजी बोर्डिङ स्कुलमा राखेर पढाए । छात्रावासमै बसेर उसले बीएस्सी उत्तीर्ण गरी । प्रकृति, भौतिक जगत, पञ्चतत्व, देवीदेवता, गुर्बा र पुरातन संस्कृतिप्रति समर्पित थारुजाति संस्कृतिमा कति धनी छ भन्ने कुरा ज्योत्स्नाले राम्ररी देख्नसमेत पाएकी थिइन । त्यसैले बज्यैका हरेक शब्दहरू उसलाई नयाँ लाग्थ्यो ।

भन्नुहोस् न बज्यै, दुर्रा-लौसर्ना भनेको के हो ?

'धत् लाटी, ल सुन ।' बज्यैले बेलिविस्तार लगाइन्- 'बिहे गरेका थारु महिलाले सन्तान जन्माउने शक्ति जोगाउन र सन्तान निरोगी हुन् भनेर कात्तिक पूर्णिमा र जेठ पूर्णिमामा सप्त मातृका देवीको पूजा गर्छन् । हो, त्यसैलाई ढुर्रा लौसर्ना भन्छन् ।'

'मैले पनि गर्नुपर्छ त्यस्तो पूजा ?' ज्योत्स्नाले हाँसेर सोधी ।

किन पर्दैन त । तँ थारुकी छोरी होइनस् र ?' बज्यैले ज्योत्स्नाको नाकको टुप्पो समाउँदै माया गरेर भनिन् ।

'अघि तपाईंले भन्नुभएको कुचकुचिया भनेको तारा हो ?' ज्योत्स्नाले कुचकुचियाको अर्थ छर्लंग नबुझेर सोधी ।

बुधुनी पुनः भावुक भइन् । नातिनीसँग जुनेली रातमा रमाइलो कुराकानी गर्दा कहिले उनी विगत सम्झिन्थिन् त कहिले नातिनीको बिहेको तयारीको कुरा गर्थिन् ।

नातिनीले पटक पटक कुचकुचिया शब्दको अर्थ सोधिरहँदा उसले बाजेको बारेमा सोधेझैं लाग्थ्यो बुधुनीलाई ।

'ज्योति, ऊ आकाशमा राम्ररी हेर त । लाम लागेर बसेका ताराहरू देखिस् ? हो, त्यही हो कुचकुचिया... ।'

ज्योतिले केहीबेर नियालेर हेरी । बज्यैलाई हेरी । कुचकुचिया देख्दा बज्यैको मुहार देदीप्यमान देखिन्थ्यो । उनी दिवंगत पतिको सम्झनामा भावुक भए पनि कुचकुचिया हेर्दा आफ्नै पतिको अनुहार देखेझैं खुसी हुन्थिन् ।


'के छ यो आकाशगंगामा ? बज्यै किन यति माया गर्छिन् आकाशगंगालाई ? किन उनी पुराना कुराहरू सम्झेर कोट्याइरहन चाहन्छिन् ? पतिसँग बिताएका रमाइला दिनहरूले किन उनलाई तृप्ति मिलेझैं लाग्छ ? के मेरी बज्यैले बाजेको अनुहार र उनीसँग बिताएका क्षणहरू सम्झेर आफूलाई धन्य सम्झेझैं म पनि मेरो पतिसँग खुसी बाँड्न सक्छु होला त ? ज्योत्स्नाको मनमा समुद्रको ज्वारभाटाझैं अनेकौं प्रश्नहरू खेल्न थाले ।

आकाशगंगाले बाल्यकाल सम्झाउँथ्यो बुधुनीलाई । झन्डै पचास वर्षसम्म कृष्णबहादुर चौधरीसँग बिताएका एक एक दिनहरू पुस्तकझैं पल्टाउँथिन् उनी । स्मृतिमा रहेका हजारौं सम्झनाहरूले पुलकित बनाउँथे उनलाई । लुकामारी अर्थात् 'नुकिक्साँढा' खेल्दा कृष्णबहादुरले च्याप्प समातेर परालमा लडीबुडी गरेका दिनहरू सम्झेर आज पनि लजाउँछिन् बुधुनी । नैनसुतको धोतीसाडी लगाएर सवारीगाडामा घोराही बजार गएको, बजारमा पुरी जलेबी खाएको र कृष्णबहादुरले माया गरेर अमलाको तेल किनिदिएको उनलाई झल्झली सम्झना आउँछ । घरको भान्सामा बुधुनी पिर्कामा बस्न लाग्दा पछाडिबाट पिर्का तानिदिएर कहिलेकाहीँ लडाइदिन्थे कृष्णबहादुरले । त्यसपछि दुवैजना खित्का छोडेर हाँस्थे ।

बुधुनीले लोग्नेको प्रशंसा गर्दै भनिन्- 'तँ सानै थिइस् ज्योति । तेरो बाजे प्याँगुल (पक्षघात) भएर सुतिरहँदा पनि मैले छोएपछि खुसी हुन्थे । मलाई नदेख्दा उनलाई छटपटी भइरहन्थ्यो । तँ सायद पत्याउँदिनस् । उनी त्यहीँ गएर बसेका छन् । कुचकुचियाको देशमा । त्यसैले म कुचकुचिया हेरिरहन्छु । मलाई यस्तो लाग्छ, उनले मलाई त्यहाँबाट हेरिरहेका छन् ।

# आन्द्रामा किन हुन्छ घाउ ?

डा. दिपेश शाक्य




आन्द्रामा घाउ धेरै कारणले हुन्छ । ग्यास्ट्रिक, आन्द्रामा संक्रमण, क्षयरोग, टाइफाइड लगायत कारणले आन्द्रामा घाउ हुन सक्छ । त्यसमध्ये पनि ग्यास्ट्रिक एक प्रमुख कारण हो । पेटबाट खाना पचाउन निस्कने एसिड बढी भएर पनि आन्द्रामा घाउ हुन सक्छ । यसले आन्द्रालाई बचाउन 'म्युकस लियर' बनाएको हुन्छ ।

क्यान्सरका कारण आन्द्रामा अल्सर हुँदा, घाउ भएर पनि आन्द्रामा घाउ हुन्छ । यसमा खानपान पनि जिम्मेवार हुन्छ । जाँड रक्सी, चुरोट, खैनी, चिल्लो खानेकुरा धेरै खाँदा आन्द्रामा बढी भार पर्छ र जसकारण आन्द्राको झिल्ली बिग्रिएर अल्सर गराउँछ । त्यसले आन्द्रामा घाउ हुन्छ ।

पेट दुख्ने, पेट बटारेको जस्तो दुख्ने, वाकवाक लाग्ने, बान्ता आउनेजस्ता लक्षण देखा पर्छ । त्यस्तै के कारणले भएको हो त्यही अनुसार लक्षण देखापर्ने गर्छ । जस्तै, आन्द्रामा असर परेको छ भने रगत बान्ता गर्ने, दिसामा रगत देखिने हुन सक्छ । त्यस्तै क्यान्सरको कारण घाउ भएमा आन्द्रा खुम्चिएर दिसा नलाग्ने, पेट फुल्ने, खाना खाएपछि बान्ता हुने, दिसा कडा हुने जस्ता लक्षण देखिन्छ ।

संक्रमणको कारणले भए ज्वरो आउने, पेट दुख्ने, सानो आन्द्रामा भए पेटको बीचभागमा दुख्छ । ठूलो आन्द्रामा पेटको वरपर दुख्ने, आन्द्राको तल्लो भागमा भए दिसा आउला आउला जस्तो हुने, र्‍याल जस्तो दिसा आउने, झाडापखाला लाग्ने, दुब्लाउने, खान मन नलाग्ने, शरीर कमजोर हुँदै जाने लक्षण आन्द्रामा घाउ हुँदा देखिन्छन् ।

आन्द्रामा घाउ निको बनाउन सुरुमा के कारणले भएको थाहा पाउन जरुरी हुन्छ । त्यही अनुसार जाँच गराउनुपर्छ । यदि ग्यास्ट्रिकको कारणले भएको हो भने समयमा खाने, चिल्लो, अमिलो, पिरो खानेकुरा नखाने, जाँडरक्सी, चुरोटबाट टाढा रहने गर्नुपर्छ । सन्तुलित भोजन, योगा, व्यायाम, तनावरहित जीवनशैलीबाट निको पार्न सकिन्छ ।

आन्द्रामा घाउ भएमा इन्डोस्कोपी, दिसा जाँच, रगत जाँच, सिटी स्क्यान, अल्ट्रासाउन्ड गरेर पत्ता लगाउन सकिन्छ ।

आन्द्राको घाउलाई समयमा उपचार नगरेमा आन्द्रा फुट्ने, पेटमा ग्यास बढ्ने समस्या हुन्छ । यस्तो अवस्था भएमा शल्यक्रिया गर्नुपर्ने हुन्छ । क्यान्सर भएको खण्डमा आन्द्रा निकालेर फाल्नुपर्ने समेत जोखिम हुन सक्छ ।

आन्द्रामा घाउ भएको बेला चिल्लो, अमिलो, पिरो, मासु, जंक फुड, कोल्ड ड्रिंक्स, प्याकेजिङ खानेकुरा, तारेको, भुटेको खानेकुरा, गोलभेंडा, अचार, जाँडरक्सी, चुरोटलगायत खानेकुराबाट टाढा रहनुपर्छ । त्यस्तै योबाहेक प्रोटिनयुक्त खानेकुरा बढी खानुहुँदैन । तरकारीमा अत्यधिक मरमसलाको प्रयोग त्याग्नुपर्छ ।

आन्द्रालाई स्वस्थ राख्न के गर्नुपर्छ ?

यसको उपचार भनेको जीवनशैली व्यवस्थापन हो । यसका लागि एकदम साधारण खाना खानुपर्छ जस्तै दाल भात तरकारी । यदि पाचनप्रणाली राम्रो बनाउन फाइबरयुक्त खानेकुरा खाने, फलफूल खाने, सागपात, सलाद पानी बढी पिउने बानी बसाल्नुपर्छ । अत्यधिक प्रोटिनयुक्त खानेकुराको सेवन नगर्ने, समयमा खानपान गर्ने, मरमसलाको कम प्रयोग गर्ने, व्यायाम गर्नेले आन्द्रालाई स्वस्थ राख्न मद्दत पुर्‍याउँछ । दैनिक दिसा कस्तो छ भनेर ख्याल गर्ने गर्नुपर्छ ।

# मुटुको चिरफार

■ इन्दुल के.सी.

**प्रारम्भ**


कथाकार श्री पशुपतिमान पःमां (प्रधान) का ११ ओटा कथाहरूको सङ्ग्रह 'नुगः घाः' शीर्षकको पुस्तक मैले पढ्ने मौका पाएँ । पुस्तकको आवरण पृष्ठमा नेपाल भाषाबाट नुगः घाः लेखिएको छ । यस पृष्ठमा एउटा बुढो मान्छे हातले लौरो समातेको, नेपाली टोपी, दौरा, सुरूवाल र इस्टकोट, जुत्ता लगाएको, शिर निहुराई थकाइ मार्न घरको बाहिरी पेटीमा बसिरहेको छ । आकाशमा एउटा हवाइजहाज उडानमा रहेको कलाकार युवक श्रेष्ठको आवरण चित्रले पुस्तकमा सङ्गृत कथाहरूको झन्डै सबै छनक दिइरहेको देखिन्छ ।


योगा टोल, जगाती, भक्तपुर नगर निवासी कथाकार पशुपतिमानले हालसम्ममा ८५ ओटा गृष्म, शरद, वसन्त ऋतुहरू पार गरिसक्नुभएको छ । सुख-दुःख, सङ्योग-वियोग, मान-सम्मान इत्यादि सामाजिक, आर्थिक, साहित्यिक अनेकौं भोगाइहरू भोगिसकेका हुनुहुन्छ । बिए-बीएड शिक्षा हासिल गरी १२ वर्ष विभिन्न विद्यालयहरूमा शिक्षक र प्रधानाध्यापक, ३१ वर्ष शिक्षा क्षेत्रमै सरकारी सेवा गरी निवृत्त भइसक्नुभएको छ । नेपाल साहित्य मन्दिर भक्तपुर, नेपाल स्काउट जस्ता सङ्स्थाहरूमा उहाँले उल्लेखनीय योगदान पुयाइआउनुभएको छ । नेपाल भाषामा लोकंह्वागु वाखं, श्री स्वस्थानी वाखं, भिंम मनू (श्रव्यनाटक) पुस्तकहरूको प्रकाशन गरिसक्नुभएको छ । यसरी नै विभिन्न पत्रपत्रिकाहरू र स्मारिकाहरूमा उहाँका लेखरचनाहरू प्रकाशन भइरहेका छन् ।

मैले यो लेखमा चर्चा गरिरहेको उहाँको पुस्तक 'नुगः घाः' हो । यसै पुस्तकमा यो शीर्षकलाई नेपाली भाषामा चोट र अङ्ग्रेजी भाषामा Agony नाम दिनुभएको छ । एक सय साठी पृष्ठको यस पुस्तकमा ११ ओटा कथाहरू नेपाल भाषा, नेपाली भाषा र अङ्ग्रेजी भाषाहरूमा सङ्गृहित छन् । उक्त पुस्तक कुत पिकाक तिवुक्छे-८, ख्वप, नेपाल मण्डल नेपाःले आफ्नो २०५ औ प्रकाशनका रूपमा प्रस्तुत गरेको छ ।

वाङ्मय शताब्दी पुरूष सङ्स्कृतिविद् डा. सत्यमोहन जोशीले उहाँकै निवास ललितपुर बखुंबहालको रमणीय बगैंचामा एक भव्य समारोहको आयोजना गरी लोकार्पण गर्नुभएको अवसरमा म स्वयम् पनि उपस्थित हुने मौका पाएको थिएँ ।

यस पुस्तकको सन्दर्भमा भन्नुपर्दा निम्न विशेषताहरू रहेको पाएँ :






१. वाङ्मय शताब्दी पुरूष सङ्स्कृतिविद सत्यमोहनज्यूकै निवासमा उहाँबाटै लोकार्पण हुनु ।

२. एउटै पुस्तकमा ११ ओटा कथाहरू ३ ओटा भाषाहरू नेपाल भाषा, नेपाली भाषा र अङ्ग्रेजी भाषामा प्रकाशन हुनु ।

३. यस पुस्तकमा रहेका ३ ओटा भाषाका ११ ओटा कथाहरूलाई निम्नअनुसारको तालिकामा प्रस्तुत गरियो भने एकैचोटि पाठकले शीर्षकहरूको तुलनात्मक रूपमा अध्ययन गर्न सक्नेछन् ।

**तालिका**

| क्र.सं. | नेपाल भाषा | नेपाली भाषा | अङ्ग्रजी भाषा |
|---|---|---|---|
| १. | जि याक | म एक्ली | Me in Isolation |
| २. | नुगः घाः | चोट (दुखाइ) | Agony |
| ३. | त्वयूकन | हिस्सियो | Baffled Hope |
| ४. | क्वाःजः | स्पर्श | Condescesion |
| ५. | दान | दान | Eye Donation |
| ६. | वाध्यता | वाध्यता | Obligation |
| ७. | लयेँःलुगु बाखं | बाटामा पाएको कथा | The Story found on the way |
| ८. | झसुकाः | सुस्केरा | Sighing |
| ९. | रुपा | रुपा | Rupa |
| १०. | लक्ष्मीपुजा | लक्ष्मी पूजा | Laxmi Pooja |
| ११. | गज्यागु फन्दा | कस्तो फन्दा | What a Dilema |

४. एउटै कथासङ्ग्रह तीनओटा भाषामा एउटै पुस्तकका रूपमा प्रकाशन भएको सम्भवतः यो पहिलो हो ।

५. कथाकारले आफ्नो कथासङ्ग्रह समर्पण त्यस्ता साहित्यकारहरूलाई गर्नुभएको छ, जसले आफ्नो भाषा र साहित्यलाई विकास गर्न आफ्नो जीवनलाई समर्पित गर्नुभएको छ । प्रत्येक लेखकहरू आफ्नो पुस्तक पाठकहरूले पढुन् भन्ने चाहना राख्तछन् । पुस्तकहरू लेख्नेले आफ्ना पुस्तक आफ्ना मातापिता, पतिपत्नीलाई वा अन्य कसैलाई समर्पित गरेको पाइन्छ । तर पशुपतिमानले यो पुस्तकलाई समर्पण गर्नुभएको प्रक्रियालाई उहाँको आफ्नो मातृभाषा र साहित्यप्रतिको अपार श्रद्धा अनुकरणीय उदाहरण मान्नुपर्छ ।

६. उक्त पुस्तकमा निम्नलिखित अग्रलेखहरू ४ ओटा रहेका छन् -

श्री विमल ताम्राकारको कुत प्रकाशनबाट प्रकाशित लेख ।

नेपाल साहित्य मन्दिरका अध्यक्ष श्री तिलकप्रकाशको नुगःघाः दुनेया वाखंया वाखं अर्थात् यस कथासङ्ग्रहभित्र रहेका कथाहरूको कथा ।

समालोचक श्री इन्द्र मालीको समीक्षा नुगःघाः वर्तमान समाजको अनुहार ।

**कथाकारज्यूको जिगु धापू (आफ्नो भनाइ)**

उक्त तालिकाको नं. ५ मा दान नेपाल भाषा र नेपालीमा तर अङ्ग्रेजी भाषामा Eye Donation लेखिएको छ । उक्त कथामा वास्तवमा मृत्युपश्चात् दाहसङ्स्कारको प्रक्रिया सुरू हुनुभन्दा पहिले अरूको हितका लागि आँखा नदेखी दुःख पाइरहका कसैले आँखाले देखेर नयाँ जीवन पाउने कुराको चर्चा भएकाले यो कथाको शीर्षक केवल दान मात्र नलेखी आँखा दान राखिनु राम्रो हुने मलाई लाग्छ ।

७. कथाकार पशुपतिमानले आफ्ना ११ ओटा कथाहरूलाई सर्वप्रथम आफ्नो मातृभाषा नेपाल भाषामा तयार गर्नुभयो । पछि यी कथाहरूलाई नेपाली भाषामा अनुवाद पनि गर्नुभएको छ । यसरी उहाँ एक सफल भाषा अनुवादक पनि हुनुहुन्छ भन्ने परिचय दिनुभएको छ ।

८. पुस्तकमा सङ्गृहित कथाहरूलाई अङ्ग्रेजी भाषामा वरिष्ठ साहित्यकार श्री ज्ञानकाजी मानन्धर, श्री ध्रुवराज कर्णजित, श्री हरिशङ्कर मानन्धर तथा सुश्री प्रीति तपोलले अनुवाद गर्नुभएको हो । म भाषाविद् नभएकाले यहाँ प्रयोग भएका ३ ओटा भाषाहरूबारे केही भन्ने लेख्ने दुस्साहस गर्न चाहन्नँ । नेपाली भाषाका अनुवादलाई एक सामान्य पाठकको दृष्टिले हेर्दा मलाई कथाकारको लेखन भाषा सरल शुद्ध रूपमा रहेको पाएँ ।

९. श्री पशुपतिमान पःमांको 'नुगः घाः' कथाहरूलाई लिएर सङक्षेपमा निम्न रूपमा चर्चा गर्न चाहन्छु :

सङ्गृहित विभिन्न शीर्षकका कथाहरूमा प्रायः कुनै न कुनै नुगः घा चोट (Agony) पाइन्छ । तसर्थ किताबको नाम 'नुगः घाः' चयन गर्नु भएको सार्थक देखिन्छ ।

हरेक मानिसलाई बेलाबेलामा विभिन्न प्रकारको घाउचोट लागेको हुन्छ । शरीरमा लागेको घाउचोटलाई मल्हमपट्टी र औषधि-उपचार गरी निको पार्न सकिन्छ । तर मुटुमा परेको चोट मानसिक हुन्छ । मानसिक चोट सितिमिति निको पार्न सकिँदैन । मानसिक चोटलाई निको पार्न बडो गाह्रो हुन्छ । यिनै कुरालाई कथाकारले कथाहरूद्वारा व्यक्त गर्नुभएको छ । कथामा अधिकांश पात्रहरूलाई विभिन्न परि स्थिति, सामाजिक, आर्थिक, मानिसहरूको व्यवहार, घृणा, बेवास्ता, अपहेलना, उचित मानसम्मान प्राप्त नहुनुले मनमा चोट लाग्छन्\ । यिनै मनका विभिन्न चोटहरू नै यस पुस्तकको मूल केन्द्रविन्दु हो भन्ने ठान्दछु ।

१०. कथाका शीर्षकहरू कथामा देखापरेका पात्रहरू, कथाका विषयवस्तुहरू सबै हाम्रा आधुनिक, वर्तमान समाजको राम्रो चित्रण हो । कथा पढ्दै जाँदा कतिपयलाई आफ्नै कथा आफ्नै परिवेशमा घटित घटनाहरूजस्तो लाग्ने भएकाले यो कथासङ्ग्रह 'नुगः घाः' पुस्तक नेपाली साहित्यक्षेत्रमा एउटा अनुपम कृतिका रूपमा देखिन्छ ।

११. 'नुगः घाः' अर्थात चोट शीर्षकको किताबमा समावेश ११ ओटा कथाहरूमध्ये चोटलाई नियाल्दा कथाका मुख्य पात्र उमेशबहादुरको पारिवारिक, सामाजिक, आर्थिक एक्लो विधुर (श्रीमती स्वर्गे भइसकेको, छोराहरू चार जना, आफ्नो घर अलग भई बुढा बुबालाई कसैले हेरचाह नगरेको कानुनी व्यवस्थाले आफ्नो कमाइ, धनसम्पत्ति सबै छोरीहरूलाई अंशबन्डा गरी दिइसकेको, गुजाराका लागि केवल आफ्नै पेन्सनको रकमले निर्वाह गर्नुपर्ने, खाना आफैले पकाएर वा पसलमा पाकेको खाना किनेर छाक टार्नुपर्ने, नितान्त एक्लो स्वर्गीय भइसकेकी श्रीमतीलाई सम्झी अलग्गिसकेका छोराछोरी, नातिनातिनालाई सम्झी मनमा उठेको दर्दनाक भक्कानो नै मुटुको घाउ हो ।

बुबाको मुख हेर्ने दिन अमेरिकामा रहेका छोराले पठाएका Happy Fathers' Day to Pappa Umesh लेखिएको केक, थरीथरीका रोटी, फलफूलहरू आफू एक्लैले नखाई कुनै एक वृद्धाश्रममा लगी बाँडचुड गर्न लगेको, त्यो केक सोही वृद्धाश्रममा रहनुभएका ९४ वर्षे सर्वेन्द्र नेपालीबाट केक काट्न लगाउँदा आफूले माया गरी हुर्काएको प्यारो छोराले आफूलाई वृद्धाश्रममा छाडेर कता हिँडयो, कता गयो, फर्केर कहिल्यै भेट्नसमेत नआएको कुरा सम्झी भक्कानो छाडेर रून थालेपछि त्यहाँ भएका सबै वृद्धवृद्धाहरू आ-आफ्नो दुःख, पीडा, मुटुको घाउ सम्झी रून थालेको चित्रण कथाकार पशुपतिमानको मात्र होइन, वर्तमान नेपाली समाजकै मुटुको घाउ हो ।

अग्रलेखक श्री तिलकप्रकाशको भनाइमा यो पुस्तक 'नुगःघाः दुनेया बाखंया बाखं' अर्थात् चोट चोटैचोटको कथाको कथा भन्ने भनाइ शतप्रतिशत ठिक छ भन्ने मलाई लागेको छ ।

यसरी नै समालोचक श्री इन्द्र मालीको दृष्टिमा उहाँका कथाहरू अनुशीलन गर्दा कतैबाट आयातित, नक्कल र कतैबाट प्रभावित भएको देखिँदैन । आफ्नै समाजमा घटेका घटना, आफैले देखेका, अनुभव गरेका, आफू र आफ्नै वरपर घटेका घटनाहरू समाजको वर्तमान अवस्थाका दृश्यहरूलाई आत्मसात् गरी कथा सृजना गर्ने आफ्नै पन छ भनेर छर्लङ्ग पार्नुभएको हुँदा मैले सोही कुरा दोहोर्‍याइरहनु आवश्यक ठानिनँ । कथाकार पःमांज्यूका अन्य आफ्नै घतलाग्दा कथाहरू पढन पाउने आशा राख्दछु ।

(यो लेख डा. इन्दुल के.सी.को व्यक्तित्व र कृतित्वको तेस्रो आयाम पुस्तकबाट साभार)

# रूसी सेनालाई फौजी विद्रोहीको चुनौती





विष्णु भट्टराई

युक्रेनविरुद्धको हमलामा रुसी सेनाले मोहराका रूपमा प्रयोग गर्दैआएको निजी अर्धसैनिक सेनाले विद्रोह गरेको छ। रुसी रक्षा मन्त्रालय र सैन्य नेतृत्वलाई अपदस्थ गर्ने घोषणाका साथ मस्कोतर्फ अघि बढेको विद्रोही फौजले राष्ट्रपति भ्लादिमिर पुटिनको २२ वर्षे शासनमा सबैभन्दा ठूलो चुनौती खडा गरेको छ, यद्यपि शनिबार राति भने विद्रोही कमान्डरले मस्कोतर्फको यात्रा रोक्न आदेश दिएका छन्।

राष्ट्रपति पुटिनका पूर्वसहयोगी यभगेनी प्रिगोजिन नेतृत्वका वाग्नर फौजलाई रुसी सरकारले भाडामा प्रयोग गर्दै आएको थियो। वाग्नर समूहले सुरुमा २०१४ मा पूर्वी युक्रेनमा रुस समर्थक पृथकतावादी समूहसँग मिलेर लडेको थियो। त्यसपछि नै यस निजी सैन्य कम्पनीको चर्चा बढेको हो। २०२२ मा पनि यस समूहमा ठूलो संख्यामा युवाहरू भर्ती भएका थिए।

युक्रेनमाथि रुसले हमला गरेयता विगत डेढ वर्षदेखि रुसी सेना र वाग्नर फौजले एकाकार थिए। तर, पछिल्ला केही सातामा दुई समूहबीच अविश्वास बढेको थियो, रुसी सेनाले आफ्नो शिविरमा मिसाइल हमला गरेको भन्दै उत्तेजित वाग्नर सेनाले रुसी सेनाको नेतृत्व नै अपदस्थ गर्ने गरी युद्ध घोषणा गरेको हो।

प्रिगोजिनको वाग्नर सेनाले रुसको तर्फबाट युक्रेनमा सबैभन्दा रक्तपातपूर्ण लडाइँ लडेको थियो। तर, रुसी सेनाका शीर्ष अधिकारीहरूसँग महिनौंदेखि यो फौजको विवाद बढेको थियो। विद्राही फौजले रुसी सेनाको दक्षिणी मुख्यालय कब्जा गरेको र सहरमा नियमित गस्ती सुरु भएको दाबी गरेको छ। तर यसका लागि एउटा पनि गोली चलाउन नपरेको प्रिगोजिनका कमान्डरहरूले बताएका छन्।

रुसी सेनाको 'लजिस्टिक हब' रोस्तोभ सहरका गल्लीहरूमा विद्राही फौजले हतियारबन्द गाडीहरूसहित पहरा दिन थालेका छन्। त्यस्तै ट्यांक बोकेका ट्रकहरू मस्कोतर्फ पनि अघि बढेका थिए। 'शनिबार राति दक्षिणी सहर रोस्तोभ कब्जा गरेपछि विद्रोही लडाकुहरू ११ सय किलोमिटर टाढा मस्कोतर्फ अघि बढेका थिए। राष्ट्रिय सेनाले उनीहरूमाथि हावाबाट गोली हानेको छ, तर उनीहरूको बिजुलीको गति सुस्त बनाउन अक्षम देखिएको छ, उनीहरूले मस्कोतर्फको आधा यात्रा पूरा गरिसकेका छन्,' अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूले लेखेका छन्।

तर, शनिबार राति भने विद्रोही कमान्डर प्रिगोजिनले मस्कोतर्फ थप अघि नबढ्न आफ्नो फौजलाई आदेश दिएका छन्। 'हामी अघि बढेमा थप रक्तपात हुन सक्छ, त्यसैले एउटा जिम्मेवार र देशभक्त शक्तिका रूपमा हामी केही समय लिन चाहन्छौं,' उनले भनेका छन्। सार्वजनिक भिडियोमा प्रिगोजिनले रुसी रक्षामन्त्री सर्गेई सोइगु र जनरल वालेरी गारासिमोवलाई चुनौती दिँदै भनेका थिए, 'म तत्काल भेट्न चाहन्छु, अन्यथा हाम्रो समूह मस्को प्रवेश गर्नेछ।' रुसी रक्षा मन्त्रालयले वाग्नर सैन्य कम्पनी बन्द गर्ने 'षड्यन्त्र' गरेकाले न्यायका लागि मार्च गर्नुपरेको विद्रोहीको भनाइ छ।

'हामी २४ घण्टाभित्रै मस्कोको दुई सय किलोमिटर नजिक पुगिसकेका थियौं, योबीचमा हाम्रो फौजले एक थोपा



पनि रगत बगाउनुपरेन, तर अबको यात्रा भने निर्णायक थियो। क्षति जुन पक्षमा भए पनि रगत रुसीहरूकै बग्नेवाला थियो, त्यसैले हामी अब पछाडि फर्कन चाहन्छौं,' प्रिगोजिनले भनेका छन्।

वाग्नर सेनालाई संयमित बनाउन बेलारुसका राष्ट्रपति अलेक्जेन्डर पेरोसेन्कोले मध्यस्थता गरेका छन्। विद्रोहीसँग संवाद गर्ने र अहिलेको विद्रोहको बहानामा कुनै कारबाही हुनेछैन भन्ने प्रत्याभूति प्रिगोजिनले खोजेका थिए। रुसी राष्ट्रपतिले दिएको वचनअनुसार पेरोसेन्कोले विद्रोहीसँग प्रतिबद्धता गरेका छन्। यो अति महत्त्वपूर्ण वार्ताका लागि रुसले आफ्ना सहयोगी पेरोसेन्कोलाई धन्यवाद पनि दिएको छ।

वाग्नर सेनाको चुनौतीसँगै राजधानी मस्कोलगायतका मुख्य सहर 'हाई अलर्ट' मा छन्। राष्ट्रपति निवास क्रेमलिनको सुरक्षा व्यवस्था कडा बनाइएको छ। त्यस्तै मस्को भित्रिने नाकामा पनि हतियारधारी फौज तैनाथ गरिएको छ।

तनावबीच मस्कोका मेयर सर्गेई सोब्यानिनले पनि स्थानीय बासिन्दालाई घुमघाममा ननिस्कन आग्रह गरेका छन्। उनले भनेका छन्, 'आतंकवादविरुद्धको अभियान सुरु भएको यो कठिन समयमा कृपया सकेसम्म घरमै रहनुहोला किनकि अबका केही समय असाधारण हुनेछन्।'

यसअघि रुसी राष्ट्रपति पुटिनले विद्रोहीहरूलाई विश्वासघाती भन्दै निर्ममतापूर्वक कुल्चने दाबी गरेका थिए। क्रेमलिनबाट टेलिभिजन सम्बोधन गर्दै पुटिनले भने, 'रुसको अस्तित्वमाथि नै खतरा आइलागेको छ। तर, हामी देश र जनताको जीवन र सुरक्षा, हाम्रो सार्वभौमसत्ता र स्वतन्त्रता तथा हजारौं वर्षको इतिहास भएको रुसको अधिकारका लागि लडिरहेका छौं।' उनले जानाजान विश्वासघात र आंतकवादको बाटो हिँड्ने, देशद्रोह गर्ने र 'ब्ल्याकमेल' गर्नेहरूले अनिवार्य अकल्पनीय सजाय भोग्ने चेतावनी पनि दिएका छन्। पुटिनले ठाउँठाउँमा 'मार्सल ल' लागू गर्ने आदेशहरूमा पनि हस्ताक्षर गरेका छन्।

उता विद्राही निजी सेनाका प्रमुख प्रिगोजिनले भने विश्वासघात आफूहरूमाथि भएको टिप्पणी गरेका छन्। 'राष्ट्रपतिले देशद्रोहका कुरा गर्दा गम्भीर गल्ती गर्छन्, हामी त मातृभूमिका लड्ने देशभक्त हौं, हामीले देशका लागि लड्यौं र लडिरहेका छौं, तर हामी भ्रष्टाचार छलले चल्ने नोकरशाहीमा बाँच्न चाहँदैनौं,' उनले अडियो सन्देशमा भनेका छन्। रुसी सेनाले वाग्नर लडाकुलाई निसाना बनाएर मिसाइल आक्रमण गरेको आरोप उनको छ। तर, रुसी अधिकारीहरूले उनको आरोप गलत भएको जवाफ दिँदै वाग्नरका गतिविधि तुरुन्त रोक्न चेतावनी दिएका छन्।


विभिन्न अपराधमा जेल बसिसकेका प्रिगोजिन राष्ट्रपति पुटिनका पूर्वसहयोगी पनि हुन्। उनी एक निजी सेनाको नेतृत्व गर्दछन्, जसमा रुसी जेलबाट भर्ती गरिएका हजारौं पूर्वकैदी समावेश छन्। वाग्नर सेनालाई रुसी रक्षा मन्त्रालयअन्तर्गत राख्ने सम्झौतामा हस्ताक्षर गर्न पनि प्रिगोजिनले अस्वीकार गर्दै आएका छन्।

प्रिगोजिन उनै व्यक्ति हुन्, जसलाई सन् १९८१ मा डकैती र आक्रमणको अभियोगमा १२ वर्षको जेल सजाय सुनाइएको थियो। रिहाइपछि उनी १९९० मा सेन्ट पिटर्सबर्गमा एक रेस्टुरेन्ट व्यवसाय खोलेर बसेका थिए। यस क्रममा उनले पुटिनलाई राम्ररी चिन्ने मौका पाएका थिए।

आणविक हतियार सम्पन्न रुसको अवस्थालाई पश्चिमा राष्ट्रहरूले सतर्कतापूर्वक नियालिरहेका छन्। अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले सहयोगी राष्ट्रका समकक्षीहरूसँग संवाद गरेका छन्। 'विकसित घटनाक्रमले रुसी राज्यका लागि सबैभन्दा संगीन चुनौती देखाएको छ,' बेलायती रक्षा मन्त्रालयले भनेको छ, 'यो संकटमा रुसको सुरक्षा बल र विशेष गरी रुसी राष्ट्रिय सेनाले कस्तो भूमिका खेल्छ भन्ने कुरा महत्त्वपूर्ण हुनेछ।'

विद्रोही फौज अझ आक्रामक भयो भने रुसी सेनाले कसरी सामना गर्छ भन्ने प्रश्न साँच्चै गम्भीर छ किनकि रुसको अधिकांश सेना दक्षिणी तथा पूर्वी युक्रेनमा तैनाथ छ। रुसी सेना घरभित्रै लड्नुपरे युक्रेनमा अस्तव्यस्त हुने र युक्रेनको प्रत्याक्रमण तीव्र हुने विश्लेषण गरिएको छ।

'रुसको कमजोरी स्पष्ट छ, पूर्ण स्तरको कमजोरी,' युक्रेनी राष्ट्रपति भ्लोदीमिर जेलेन्स्कीले सामाजिक सञ्जाल सन्देशमा लेखेका छन्, 'रसियाले जति लामो समयसम्म हाम्रो



भूमिमा आफ्नो र भाडाको सेना राख्छ, त्यति नै अराजकता, पीडा उसैमाथि आइलाग्नेछन्।'

रुसको पछिल्लो अवस्थालाई लिएर कतिपय विशेषज्ञहरूले पुटिनको नेतृत्वमा सबैभन्दा खराब संकटको संज्ञा दिएका छन्। 'पुटिन शक्तिमा आएदेखि नै अहिले सबैभन्दा ठूलो संकटको सामना गरिरहेका छन्, रुसी नेतृत्व र व्यक्तिगत रूपमा पुटिनका लागि यो ज्यादै गम्भीर चुनौती हो, पुटिनको साढे २२ वर्षको शासनकालमा यो सबैभन्दा खराब संकट हो,' मस्कोस्थित स्वतन्त्र सैन्य तथा रक्षा विश्लेषक पाभेल फेल्गेनरले अलजजिरासँगको अन्तर्वार्तामा भनेका छन्, 'उनलाई अहिले ज्यादै प्रभावशाली सैन्य चुनौती दिइएको छ। मलाई के विश्वास छ भने पुटिनले यस पटक आफ्नो जीवनकै लागि लड्नुपर्ने छ।'

रुसमा अर्धसैन्य बल वाग्नर समूहको विद्रोहले ल्याएको उथलपुथलपछि रुससँग लामो समयदेखि युद्ध गरिरहेको युक्रेनले यही मौकामा बलियो प्रत्याक्रमणको योजना बनाउनुपर्ने युक्रेनी सेनाका उच्च अधिकारीले बताएका छन्। रुस आन्तरिक मामिलामा अल्झिरहेका बेला त्यसको फाइदा उठाएर युक्रेनले प्रत्याक्रमण गर्नुपर्नेमा उनीहरूले जोड दिएका हुन्।

युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले 'दुश्मनतर्फ भएको कुनै पनि समस्या' आफ्ना लागि अवसर भएको तर्क गर्छन्। उनले प्रत्याक्रमणका विषयमा छलफलका लागि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकनसँग पनि फोनवार्ता गरेका छन्। युक्रेनका अवकाश प्राप्त लेफ्टिनेन्ट जनरल इहोर रोमानेन्कोले वाग्नर समूहको विद्रोहलाई अवसरका रूपमा लिएर विशेष प्रकारको रणनीति बनाउनुपर्नेमा जोड दिए। त्यसको एउटा कदम पश्चिम रुसमा आक्रमण हुन सक्ने उनको भनाइ छ। आफ्नो निजी अर्धसैनिक समूह 'द वाग्नर ग्रुप' को विद्रोहपछि रुस अहिले आफैं रक्षात्मक अवस्थामा आइपुगेको छ। एक दिनयताको घटनाले युक्रेनलाई भने आक्रमणको सही मौका दिएको रोमानेन्को भनाइ छ।

यता, वाग्नर समूहका प्रमुख यभगेनी प्रिगोजिन रुसको दक्षिणी सहर रोस्तोभ-अन-डन छाडेर आफ्ना सेनासहित बेलारुसतर्फ लागेका छन्। युक्रेनविरुद्धको आक्रमणमा रुसी सेनाले मोहराका रूपमा प्रयोग गर्दै आएको निजी अर्धसैनिक सेनाका प्रमुख प्रिगोजिन र उनका सैनिकमाथि रुसले लगाएका सबै आरोप हटाउने आश्वासन पाएपछि प्रिगोजिन बेलारुसतर्फ लागेको अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसीले उल्लेख गरेको छ।

बेलारुसका राष्ट्रपति अलेक्जेन्डर लुकासेन्कोको मध्यस्थतामा शनिबारदेखि भएको छलफलमा वाग्नर समूह प्रमुख र उनका सेनामाथि लागेका सबै आरोप हटाउने रुसी पक्षले आश्वासन दिएपछि प्रिगोजिन बेलारुसतर्फ हिँडेका हुन्। यसबाहेक अन्य कुन-कुन विषयमा सहमति भएको हो भन्नेबारेमा भने अझै सार्वजनिक भइसकेको छैन।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको सहमतिसँगै वार्ता टुंगोमा पुगेको थियो। योसँगै वाग्नर समूह पनि आफूले नियन्त्रणमा लिएको रुसको रोस्तोभ-अन-डन सहर छोडेर फर्किएको बीबीसीले उल्लेख गरेको छ।

वाग्नर समूहले रुसका केही भूभाग नियन्त्रणमा लिन खोजेसँगै रुसले पनि राजधानी मस्कोको सुरक्षा व्यवस्था कडा पारेको थियो। मस्कोका मेयरले राजधानीवासीलाई जुलाई १ सम्म घरबाट बाहिर ननिस्कन निर्देशन दिएका छन्। रुसले युक्रेनमा आक्रमण गर्नका लागि सुरुदेखि नै बेलारुसको भूमि प्रयोग गर्दै आएको छ। राष्ट्रपति पुटिनका पूर्वसहयोगी यभगेनी प्रिगोजिन नेतृत्वका वाग्नर फौजलाई रुसी सरकारले भाडामा प्रयोग गर्दै आएको थियो। वाग्नर समूहले सुरुमा २०१४ मा पूर्वी युक्रेनमा रुस समर्थक पृथकतावादी समूहसँग मिलेर लडेको थियो। त्यसपछि नै यस निजी सैन्य कम्पनीको चर्चा बढेको हो। २०२२ मा पनि यस समूहमा ठूलो संख्यामा युवाहरू भर्ती भएका थिए।

युक्रेनमाथि रुसले आक्रमण गरेयता डेढ वर्षदेखि रुसी सेना र वाग्नर फौज एकाकार थिए। तर, पछिल्ला केही सातामा दुई समूहबीच अविश्वास बढेको थियो, रुसी सेनाले आफ्नो शिविरमा मिसाइल हमला गरेको भन्दै उत्तेजित वाग्नर सेनाले रुसी सेनाको नेतृत्व नै अपदस्थ गर्ने गरी युद्ध घोषणा गरेको थियो। प्रिगोजिनको वाग्नर सेनाले रुसका तर्फबाट युक्रेनमा सबैभन्दा रक्तपातपूर्ण लडाइँ लडेको थियो। तर, रुसी सेनाका शीर्ष अधिकारीहरूसँग महिनौंदेखि यो फौजको विवाद बढेको थियो। विद्रोही फौजले रुसी सेनाको दक्षिणी मुख्यालय कब्जा गरेको र सहरमा नियमित गस्ती सुरु भएको दाबी गरेको छ। तर, यसका लागि एउटा पनि गोली चलाउन नपरेको प्रिगोजिनका कमान्डरहरूले बताएका छन्।

*(एजेन्सीहरूको सहयोगमा)*

# कसरी अर्बपति भए ज्याक मा

"मा यून" वास्तविक नाम रहेका ज्याक मा चीनका पाँचौ धनी व्यक्ति हुन्। यसैगरी, उनी विश्वका धनी ६३ स्थानमा रहेका छन्। सेप्टेम्बर १०, १९६४ मा झेजियांग प्रान्तको हांग्जोमा जन्मिएका ज्याक माको नेट वर्थ २३.८ बिलियन डलर रहेको छ। तर ज्याक सुरुदेखि नै धनी थिएनन्। उनको कथा प्रेरणादायी रहेको छ। उनको बारेमा धेरै रोचक कुराहरू पनि छन् जुन धेरैलाई थाहा नहुन सक्छ।

ग्र्याजुएसनपछि ज्याक माले अंग्रेजी शिक्षकका रूपमा करिअर सुरु गरे। जागिरका लागि ३० पटकभन्दा बढी आवेदन दिँदा पनि उनले असफलता मात्रै पाए। केही सीप नलागेपछि प्रहरीमा भर्ती हुने उनको कोसिस पनि व्यर्थ भयो। कतिसम्म भने एकपटक चीनमा खुलेको केएफसीको ब्रान्चमा जागिरका लागि ज्याक माले अन्तर्वार्ता दिए। तर, २४ जनामध्येबाट २३ जना छनोट भए, उनी मात्रै फालिएका थिए।

सन् १९९५ मा ज्याक मा आफ्ना केही साथीसहित अमेरिका पलायन भए। त्यहाँ पुगेपछि उनले इन्टरनेटमा चीनबारे सामग्री खोजे। आफूले खोजेको चिज नभेटेपछि पुनः चीन फर्केर इन्टरनेट कम्पनी सुरु गरे। यसमा लगानीकर्ता तुरुन्तै लगानी गर्न राजी भए। ज्याक मा आफैँलाई कम्प्युटरबारे खासै जानकारी थिएन। तर, 'खाने मुखलाई जुँगाले छेक्दैन' भनेझैँ उनले अनलाइन बिजनेस थाले। सन् १९९९ मा उनले साथीहरूसँग मिलेर ई-कमर्स कम्पनी अलिबाबाको स्थापना गरे। त्यसको सुरुवाती चरणमा चिनियाँ नागरिकले उनलाई ठग भन्ठाने। तर, बिस्तारै इन्टरनेटको विस्तारबाट अलिबाबाको कारोबार बढ्न थाल्यो।

सन् २०२० मा चीन सरकारको आलोचना गरेपछि ज्याक मा सार्वजनिक जीवनबाट हराएका थिए। उनले चीनको वित्तीय नियम र सरकारी बैंकको विषयमा भाषण दिने क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङको आलोचना गरेका थिए। यो भाषणपछि चिनियाँ कम्युनिस्ट पार्टीले विरोध गरेको थियो। उनको भाषणलाई पार्टीमाथिको हमलासमेत भनिएको थियो। त्यसपछि उनको व्यापारमा अवरोधसमेत हुन थालेको थियो। पछि उनी जापानमा देखिएका थिए।

### शिक्षकदेखि अर्बपतिसम्मको यात्रा

ज्याक माले अंग्रेजी शिक्षकको रूपमा आफ्नो करियर सुरु गरेका थिए। चीनमा रहँदा नै उनले अंग्रेजी भाषा अध्ययन गरेका थिए। चीनमा अंग्रेजी भाषा विरलै बोलिन्छ। यसका लागि उनले करिब ९ वर्ष पर्यटक गाइडको रुपमा पनि काम गरे। पर्यटकहरूलाई घुमाउने क्रममा उनी अंग्रेजी बोल्थे। यस कामको लागि, उनी प्रायः



साइकलमा ७० माइल कभर गर्थे।

ज्याक मा आफ्नो जीवनमा कम्तिमा ३० पटक विभिन्न कम्पनीमा जागिरको लागि धाए तर सबै ठाउँबाट अस्वीकृत भए। तर पनि उनले हार मानेनन्। जब अमेरिकाको फास्टफुड रेष्टुराँ कम्पनी केएफसीको शाखा चीनमा खुल्न लागेको थियो, तब उनले त्यसमा जागिरका लागि अन्तरवार्ता पनि दिएका थिए। तर अन्तरवार्तामा गएका २४ जनामध्ये २३ जना छनोट भएका थिए। ज्याक मा एक मात्र थिए जसलाई अस्विकार गरिएको थियो। उनलाई भाग्यले नै ठगेको बारम्बार अनुभव हुने गरेको थियो। तर पनि कोशिष गर्न उनी कहिले चुकेनन्।

सन् १९९० को दशकमा इन्टरनेटको क्रान्ति गरेका उनले जागिर छाडेर आफ्नै व्यवसाय सुरु गरे। त्यही बेला अलिबाबा डटकमको स्थापना भयो। अचम्मको कुरा, ज्याकलाई कम्प्युटरको खासै ज्ञान पनि थिएन। र पनि उनले अनलाइन व्यापार सुरु गर्ने हिम्मत गरे।

प्रारम्भिक चरणमा ज्याक माले आफ्ना साथीहरूलाई मनाएर ६०,००० डलर जुटाएर अलिबाबा नामक इन्टरनेट बजार प्लाटफर्म सुरु गरेका थिए। यस अनलाइन प्लाटफर्मले सामाग्री खरिदबिक्रीलाई सहज बनाउँछ। उनले कम्पनी सुरु गर्दा चीनमा १ प्रतिशत मात्रै इन्टरनेटको पहुँच थियो। ज्याक माका अनुसार मूल्यमा प्रतिस्पर्धा नगरी सेवा र नवीनतामा प्रतिस्पर्धा गर्नुपर्छ।

उनको जीवनी पुस्तक 'अलिबाबाः द हाउस ड्याट ज्याक मा बिल्ट' मा भनिएको छ कि जब ज्याकले सन् १९९९ मा आफ्नो अपार्टमेन्टमा अलिबाबा कम्पनी सुरु गरे, मानिसहरूले उनलाई शंकाको दृष्टिकोणले हेर्दथे। करिब तीन वर्षसम्म मानिसहरूले उनलाई ठगको रूपमा सोचिरहेका थिए। तर पछि मानिसहरू ज्याक मा उनीहरूको जीवन सजिलो बनाउने व्यक्ति हुन् भनेर विश्वस्त भए।

भनिन्छ, सन् १९९४ मा उनी आफ्नो व्यवसायको सिलसिलामा अमेरिका गएका थिए, त्यहाँ इन्टरनेट देखेर छक्क परेका थिए। घरमा बसेका मानिसहरूले कसरी इन्टरनेटको माध्यमबाट आफ्ना साथीभाइ र आफन्तहरूसँग सम्पर्क गर्न सक्छन् भन्ने कुरा देखेर उनी अचम्म परे। तर अलिबाबाको सफलतापछि ज्याक मा चीनमा 'मिस्टर इन्टरनेट' को नामले प्रसिद्ध भए।

अलिबाबाका प्रारम्भिक लगानीकर्ताहरूमध्येका एक वु यिङले वेबसाइटमा ज्याक माको बारेमा लेखेका छन्, 'उनी आफ्नो हातमा पुरानो ज्याकेट र कागज लिएर हामीकहाँ आएका थिए। ६ मिनेट भित्रै उनले लगानीकर्तालाई आफूप्रति विश्वास दिलाए र २ करोड अमेरिकी डलर ऋण पाए।'

५८ वर्षका अलिबाबा समूहका संस्थापक ज्याक माले कम्पनीका सीइओको पदबाट २०१९मा राजीनामा दिएका थिए। सेप्टेम्बर १०, २०१९, मंगलबार, ज्याक माले आफ्नो ५५ औं जन्मदिन मनाएर ४७ वर्षीय डेनियल झाङलाई कम्पनीको जिम्मेवारी सुम्पेका थिए।

तर, उनी करिब एक वर्षसम्म कम्पनीमा सल्लाहकारका रूपमा आबद्ध रहेका थिए। ज्याक माले सन्यास लिएपछि फेरि पढाउने बताएका थिए। हाल उनी प्रायजसो जापान, थाइल्याण्ड र यूरोपमा बस्ने गरेको संचारमाध्यमले जनाएका छन्। विदेशमा करिब एक वर्ष बिताएपछि, ज्याक मा २०२३ मार्चमा चीन फर्केका थिए। अलिबाबाले आफ्नो व्यवसाय ६ भागमा विभाजन गर्ने योजना बनाएकाले उनी चीन पुगेका थिए। अलिबाबाले समूह विभाजनको घोषणा गर्नु अघिल्लो दिन चीनको एउटा विद्यालयमा उनी देखिएका थिए। *एजेन्सी।*

प्रेरक

## संस्कृति र चरित्रको साइनो



एकपटक स्वामी विवेकानन्द अमेरिका यात्रामा थिए । रामकृष्ण मिसनको कार्यक्रममा सहभागी हुन त्यहाँ पुग्दा उनले केही समय त्यतै बसेर विभिन्न स्थानमा प्रवचन दिने कार्यक्रम तय भएको थियो । एक स्थानमा प्रवचन समाप्त भइसकेपछि उनी आफ्ना केही सहयोगीका साथमा पार्कमा भ्रमण गरिरहेका थिए । उनको शरीरको गेरू धोती, च्यादर र शिरको पगडी देखेर पार्कमा पुगेका धेरै मानिस अचम्मित भइरहेका थिए ।

एकजना स्थानीयले खसखस थाम्न नसकेर उनको नजिक आएर अलिक उपहाससाथ सोधे– महाशय, तपाईंको शरीरमा सर्ट, पाइन्ट, कोट केही पनि देखिन्न । खालि यही गेरू धोती, च्यादर र पगडी मात्र छ । यो तपाईंको कस्तो संस्कृति हो ? के तपाईंसित आजको सभ्य समाजलाई सुहाउने कुनै पोसाक छैन ? कि तपाईंहरूकहाँ लुगा सिलाउने सभ्यता विकसित भएकै छैन ?

उनको प्रश्न सुनेपछि विवेकानन्द मुसुक्क हाँसे । उनले ती प्रश्नकर्ता स्थानीयलाई सम्बोधन गर्दै मधुर स्वरमा जवाफ फर्काए– महाशय, तपाईंको र हाम्रो संस्कृतिमा आकाश जमिनको अन्तर देख्दै छु म । यहाँ तपाईंहरूको संस्कृतिको निर्धारण सिलाइ कम्पनीले गर्दा रहेछन् । तर, हामीकहाँ तपाईंहरूको जस्तो संस्कृति निर्धारण गर्न सक्ने सिलाइ कम्पनी छैनन् । हामीकहाँ त लुगाले होइन, असल चरित्रले मात्र संस्कृतिको निर्धारण गर्छ । यथार्थमा हामीकहाँ संस्कृति वस्त्रले होइन, चरित्रले निर्धारण गर्छ भन्ने मान्यता स्थापित छ । विवेकानन्दको जवाफले ती प्रश्नकर्ता स्थानीय निरूत्तर भए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । अतिथिका रूपमा सत्कार पाइनेछ । खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ । आम्दानी बढाउने काम सुरु हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । व्यवसायको सन्दर्भमा रमाइलो यात्राको अवसर जुट्नेछ । साथीभाइको सहयोगले काममा उत्साह मिल्नेछ ।

### वृष
अवसर आए पनि सोचेको नतिजा तत्काल प्राप्त नहुन सक्छ । स्वास्थ्यसम्बन्धी चिन्ताले सताउला । ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्याउन सक्छन् । आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ । आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला । भविष्यमा लाभ लिने योजना अघि बढाउन सकिनेछ ।

### मिथुन
श्रम परे पनि तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ । सुखद् समाचारले उत्साह जगाउनेछ ।

### कर्कट
प्रयत्न गर्दा विश्वास नलागेको काम समेत बन्न सक्छ । बेसुरमा गरिएको कामले पनि उपलब्धि दिलाउनेछ । टाढिएका आफन्तसँग मेलमिलाप वा भेट हुनेछ । अहिलेको फाइदाले पछिलाई घाटा हुन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । व्यावहारिक समस्या सुल्झाउँदै सामाजिक कार्यमा अग्रसर भइनेछ । समस्या दर्साएर सहयोगीहरू फेला पार्न सकिनेछ ।

### सिंह
श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य कम मात्र पाइएला । आफ्नो क्षेत्रमा अरूले हस्तक्षेप गर्न सक्छन् । आँटले काम लिन नसक्दा व्यवहारमा पछि परिनेछ । पहिलेको योजना स्थगित हुनेछ भने नयाँ काममा तत्काल जुट्न नसकिएला । आत्मविश्वास कमजोर हुनेछ । अज्ञानताले पनि काम कुनै रोकिन सक्छ । नियमित कामलाई भने निरन्तरता दिन सकिनेछ ।

### कन्या
आत्तिने बानीले समस्या निम्त्याउनेछ । हातमा आएको मौका अरूले फुत्काउन सक्छन् । बोलीको गलत अर्थ लाग्ने समय रहेकाले व्यवहारमा सजग रहनुपर्ला । नयाँ जिम्मेवारी वहन गर्ने समय छ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन्, तर अहिलेको मिहिनेतले पछिलाई फाइदा हुनेछ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला ।

### तुला
मेहनत गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ । पहिलेकै काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । अध्ययनमा धेरै समय दिन नसकिएला । तापनि प्रयत्न गर्दा अवसर भने पाइनेछ । साथ दिनेहरू बढ्नेछन् । प्रेम र मित्रताको बन्धन पनि कसिनेछ । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ ।

### वृश्चिक
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्नेछ । व्यवसायमा लगानी बढाउनुपर्ला । बलजफ्तीको व्यवहारले व्यर्थैमा समस्या निम्त्याउन सक्छ । आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । खर्च लागे पनि यात्रा गर्ने अवसर प्राप्त हुनेछ । तर आफ्नो उपलब्धिमा अरूले दाबी गर्न सक्छन् ।

### धनु
पछिका लागि राम्रो सम्भावना देखिए पनि तत्काल सोचेको फाइदा नहुन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् । आयस्रोत कमजोर बन्नाले काममा अग्रसर बन्न नसकिएला । तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ ।

### मकर
पुराना कामको चर्चा हुनेछ भने नयाँ अवसर पनि प्राप्त हुनेछ । विशेष भेटघाटले उत्साह जगाउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ । आवश्यक पर्दा साथीभाइको सहयोग भने नजुट्न सक्छ । मेहनतले नाम, दाम र इनाम प्राप्त हुनेछ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा फाइदा हुनेछ ।

### कुम्भ
नयाँ जिम्मेवारी प्राप्त हुने समय छ । सामाजिक काममा रुचि बढ्नेछ । रोकिएको कामले पनि निकास पाउनेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### मीन
काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । दिनभर दौडधुप गर्नुपरे पनि काम अधुरो रहला । पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला । स्वास्थ्यमा कमजोरी देखापर्नुका साथै उपचारमा खर्च हुने योग छ । महत्त्वपूर्ण समय घरेलु समस्यामै अल्झनुपर्ला । हलमुलमा धनमाल हराउन सक्छ, सचेत रहनुहोला ।

# यस्ता छन् बूढानीलकण्ठ नगरपालिकाको नीति तथा कार्यक्रमहरू




बूढानीलकण्ठ नगरपालिकाका नगर प्रमुख मिठाराम अधिकारीको अध्यक्षतामा बसेको नगर अधिवेशनमा पेश भएको नीति तथा कार्यक्रमको वृहत छलफल, समिक्षा र सुझाव संकलन पश्चात नगर सभा सदस्यहरूद्वारा पारित भएको थियो । अधिवेशनमा नगरप्रमुख, उपप्रमुख, नगरसभा सदस्य लगायत नगरपालिकाका सबै कर्मचारीहरूको उपस्थिति रहेको थियो । असार ७ बाट सुरु भएको नगर अधिवेशनमा नीति तथा कार्यक्रममा विस्तृत रुपमा छलफल भएको थियो । छलफलमा विभिन्न वडाहरूबाट प्रतिनिधित्व गर्दै नगर सभा सदस्यहरूले जिज्ञासा, सुझाव, तथा प्रश्नहरू राखेका थिए । सभामा उठेका सुझाव, संसोधनका प्रस्ताव तथा प्रश्नहरूको नगर प्रमुख मिठाराम अधिकारीले जवाफ सहित नगर सभा सदस्यहरू माझ नीति तथा कार्यक्रम पारित गर्नका लागि प्रस्ताव राख्नुभएको थियो ।नगरसभा सदस्यहरू मार्फत प्रस्ताव पारित भएको घोषणा गरिएको थियो । नगरपालिकामा पारित नीति तथा कार्यक्रमहरूलाई सतप्रतिसत कार्यान्वयन गर्नका लागि नगरपालिका प्रतिवद्ध रहेको कुरा नगर प्रमुखले जाहेर गर्नु भएको थियो । पारित नीति तथा कार्यक्रम संक्षिप्तमा उल्लेख गरिएको छ ।

१. २०८०/०८१ शैक्षिक उन्नयनको वर्ष घोषणा ।
२. २०८१/०८२ उद्योग तथा पर्यटन वर्ष घोषणा ।
३. कक्षा ६ देखिका विद्यार्थीहरूलाई सिप तथा उद्यमशीलतासँग जोडिने गरि विद्यालय ब्राण्डिंगका कार्यक्रम आरम्भ
४. सामुदायिक विद्यालयका प्रधानाध्यापक खुल्ला प्रतिस्पर्धाबाट नियुक्त, शिक्षकहरूको शिक्षणस्तरको परीक्षण ।
५. सबै विद्यालय वर्गीकरण गरिने र प्राप्ताङ्कको आधारमा सुविधा र सुधारका कार्यक्रम गरिने
६. सबै विद्यालयमा स्काउट, सबै विद्यालय बहुभाषामैत्री
७. नीजि, सामुदायिक विद्यालयबिच साझेदारी कार्यक्रम
८. कोही पनि विद्यालय जान नपाउने, नसक्ने अवस्था आउन नदिने
९. गर्भवती आमालाई निःशुल्क गर्भपरीक्षण सहितको स्वास्थ्य सुलभता
१०. नगरपालिकाको प्रसूती केन्द्रमा प्रसूती भएकालाई न्यानो प्रसूती झोला र रू. ३०००/- प्रसूती पोषण भत्ता (निरन्तरता)
११. ३० वर्ष माथिकालाई स्वास्थ्य पूर्व परीक्षण (एचभखभलतष्खभ ऋबचभ)
१२. ५५ वर्ष माथिकालाई सुगर, प्रेसर निःशुल्क जाँच तथा निःशुल्क औषधी वितरण
१३. ७५ वर्ष माथिकालाई निःशुल्क निमोकोकल भ्याक्सिन (निमोनिया, दमका विरुद्ध)
१४. स्वास्थ्यसँग खेलकूद, योगा, ध्यान, व्यायाम जोडी मानसिक सबलीकरण कार्यक्रम
१५. नागरिकहरूको स्वास्थ्य प्रोफाइल निर्माण
१६. यौन हिंसा पीडित महिला तथा नाबालिगलाई सुरक्षित र स्वास्थ्य, आवास सहितको आत्मनिर्भर केन्द्रको सञ्चालन
१७. दलित, उत्पीडित वर्ग, विपन्न, एकल, अपांगता, बेसाहारा, द्वन्द्व पीडित, यौनिक अल्पसंख्यकहरूका लागि विशेष उद्यमशीलता तथा विशेष प्याकेजको कार्यक्रम
१८. एकल महिला सुरक्षा कोष व्यवस्थापन
१९. स्थानीय तथा रैथाने उत्पादनलाई प्रश्रय एवं अपाङ्गता, हिंसा पीडित, कुष्ठरोग तथा अटिज्म/एच आई भि प्रभावित, एसिड पिडीतहरूद्वारा उत्पादित वस्तुलाई प्राथमिकता
२०. अपाङ्गता मैत्री, बालबालिका मैत्री, ज्येष्ठनागरिक मैत्री, लैङ्गिक मैत्री कार्यक्रम तथा पूर्वाधारहरूमा विशेष प्राथमिकता
२१. ज्येष्ठ नागरिक सेवा केन्द्रको व्यवस्थित सञ्चालन
२२. सहयोगापेक्षी सडक मानव मुक्त नगरपालिका घोषणा कार्यक्रम
२३. अटिज्म केयर सेन्टरको स्थापना
२४. सांस्कृतिक प्रतिष्ठानको गठन
२५. राष्ट्रिय, अन्तराष्ट्रिय कला, साहित्य सांस्कृतिक सम्मेलन तथा महोत्सव, मातृभाषा सिकाई एवं गोष्ठी तथा रैथाने मेलाको आयोजना
२६. 'प्रतिभा बुढानीलकण्ठ' खुल्ला प्रतियोगितात्मक कार्यक्रम सञ्चालन
२७. बुढानीलकण्ठ क्षेत्र विकास समिति गठन
२८.बौद्धिक सम्पत्तिहरूको संरक्षण, सम्मान र योगदानमा अवसर
२९. परम्परागत संस्कृति झल्कने फल्चा, पोखरी, डबली, ढुँगेधारा, चौतारा, खुल्ला आश्रयस्थलहरू, ओपन थिएटर र खुल्ला संग्रहालयहरू स्थापनामा प्रश्रय
३०. बुढानीलकण्ठ नगर, हरियाली शहर अभियान सञ्चालन
३१. नगरस्तरीय डिजास्टर अपरेसन सेन्टर स्थापना
३२. एकीकृत खानेपानी बोर्ड गठन
३३. खानेपानी रिचार्ज प्रणाली स्थापनामा अनुदान
३४. सार्वजनिक जमिन तथा प्राकृतिक संरचनालाई क्षति गर्नेलाई कारवाही, संरक्षण गर्नेलाई प्रोत्साहन
३५. नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा महाशाखा प्रमुखहरूबिच कार्यसम्पादन सम्झौता
३६. सबै वडा कार्यालयमा हेल्प डेस्कको स्थापना
३७. नियमित रुपमा सार्वजनिक सुनुवाई
३८. नगरपालिकाको सबै सेवा प्रविधिमैत्री
३९.उद्यमशीलता, खेलकूद, सृजनात्मक कार्य, नवप्रवर्तनात्मक कार्यमा युवाहरूलाई प्रोत्साहन
४०. नगर स्काउट, नगर युवा परिषद् र नगर प्रहरी विपद् तथा सहजीकरणका स्वयंसेवक
४१. बुढानीलकण्ठ नगर शिल्ड खेलकूदको आयोजना
४२. करदाताको वर्गीकरण गरि उत्कृष्ट र इमान्दार करदातालाई प्रोत्साहन, सम्मान
४३. नगरपालिकामा सूचिकृत श्रमिकहरूलाई आवश्यकतानुसार योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रममा जोडिने
४४. नगरपालिकाभित्रका श्रम तथा सिप नगरपालिकाभित्रै खपत् नीति
४५. विशिष्ट सिप तथा कलायुक्त श्रमहरूको संरक्षण तथा हस्तान्तरण
४६. श्रम शोषण निषेध नीतिको अवलम्बन
४७. बहिरा (अपाङ्गता) सेवाको हकमा दोभाषे माध्यमको उपयोग
४८. कृषि बजार, कृषि भण्डारण केन्द्रको सञ्चालन
४९. कौसी तथा रैथाने खेतिलाई प्रोत्साहन
५०. एनिमल एम्बुलेन्स सहित छाडा पशु चौपायाको व्यवस्थापन
५१. नियमित सामुदायिक कुकुर बन्ध्याकरण अभियान सञ्चालन
५२. सिप सम्मेलन तथा कृषि तथा उत्पादन मेलाको आयोजना
५३. स्थानीय हाट बजारको प्रबन्ध
५४. खाना खेर नफालौं, दुइ छाक भरपेट खान पाउन् सहित खाद्य सुरक्षा अभियान सञ्चालन
५५. आत्मनिर्भरताका लागि बुढानीलकण्ठ उद्यमशीलता कार्यक्रम सञ्चालन
५६. महिलाहरूको सिप विकास, नेतृत्व विकास, स्वरोजगार सृजनाका लागि व्यवस्थित तालिम घरको सञ्चालन
५७. सबै सहकारीहरूलाई नतिजामूलक बनाउन उत्पादन र रोजगारमा जोडिने
५८. शिवपुरी निकुञ्जभित्र चरा तथा पुतली पार्क घोषणा तथा शिवपुरी संग्रहालयको सञ्चालन
५९. बुढानीलकण्ठ मन्दिर र आसपास विशेष सरसफाई, सजावट, धार्मिक पर्यटनमैत्री बनाउने
६०. डाँडागाउँ, ठूलोगाउँ, चिसीनी, तौलुङ आदि क्षेत्रमा पर्यटकीय भिलेजको रुपमा इको टुरिज्म भिलेज सहित सांस्कृतिक संग्रहालय स्थापना
६१.पर्यटकीय स्थल र तिनको परिचय समेटीएको हातेपुस्तिका प्रकाशन एवं पथप्रदर्शक जनशक्तिको व्यवस्थापन
६२. ठाउँ ठाउँमा हस्तकला तथा घरेलु उत्पादनका सामग्रीहरूको प्रदर्शनीस्थल सहितको बिक्री केन्द्र सञ्चालन
६३. सुविधासम्पन्न सभा सम्मेलन हल, तथा कभर्ड हलको निर्माण
६४. सबै नागरिक मैत्री तथा सुरक्षित सडकमा जोड
६५. सार्वजनिक सुविधा शौचालयहरू निर्माण ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Loiter = हल्ली रहनु The policemen suggested him not to loiter in the restricted area निषेधित क्षेत्रमा नहल्ली रहन प्रहरीहरूले उसलाई सल्लाह दिए ।

Muggy = न्यानो तर सुख्खा The month of April in Kathmandu is muggy चैत्र महिनामा काठमाडौंमा न्यानो तर सुख्खा हुन्छ ।

Nether = तलको Underwears are nether garments कट्टु तलतिर लगाउने लुगा हुन ।

Ossify = परिवर्तन भै हाड जस्तो कडा हुनु His idea has ossified into strong belief उसको विचारधारा परिवर्तन भै गहिरो विश्वासमा परिणत भएको छ ।

Prodigal = लापरवाहीपूर्वक खर्च गर्ने प्रवृत्ति He will not be so prodigal about spending money when he himself will start earning जब ऊ आफैंले कमाउन थाल्नेछ तब लापरवाहीपूर्वक खर्च गर्ने छैन ।

Quack = ठग Do not be misled by such a quark, he can not cure you यस्तो ठगको विश्वास नगर उसले तिमीलाई निको पार्न सक्नेछैन ।

Rubric = शब्द सूची You have to consult rubric to find his name in this directory यो निर्देशिकामा उसको नाम पत्ता लगाउन तिमीले शब्दसूची हेर्नु पर्दछ ।

Supersede = उछिन्नु The use of moterbikes has superseded the car in this place यो ठाउँमा मोटरसाइकलको प्रयोगले कारलाई उछिनेको छ ।

Transgression = कानुनको उल्लंघन For transgression, they were taken into custody कानुनको उल्लंघन गरेकोले तिनीहरू समातिए ।

Unprecedented = कहिले नभएको, नौलो His novel recorded an unprecedented success उसको उपन्यासले पहिले कहिल्यै नभएको सफलता हासिल गर्‍यो ।

## Draw बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Draw something = खिच्नु The documentary has drawn nicely the success story of his company डकुमेन्ट्रीले उसको कम्पनीको सफलताको कथा राम्रै प्रस्तुत गरेको छ ।

Draw into = आइपुग्नु In a few minute the train will draw into the station केही क्षणमै रेल स्टेसनमा आइपुग्छ ।

Draw nearer = नजिकिनु As soon as the rainy season ends, the festivities draw nearer वर्षाको अन्तसंगै चाडवाडहरू नजिकिन्छन् ।

Drawing to = लाग्नु My life is drawing to slowly to its close मेरो जीवन विस्तारै अन्ततर्फ लाग्दैछ ।

Draw somebody aside = कसैलाई नजिकै तान्नु He drew me aside to share something secret गोप्य कुरा भन्नका लागि उसले मलाई नजिकै तान्यो ।

Draw by = तानिनु The queen's coach was drawn by six horses रानीको बग्गी ६ वटा घोडाद्वारा तानिएको थियो ।

Draw something out = बाहिर निकाल्नु Draw carefully the files out of drawer घर्राबाट होस पुर्‍याएर फाइलहरू बाहिर निकाल ।

Draw from something = सार खिच्नु What did you draw from this report यो प्रतिवेदनबाट तिमीले के सार खिच्यौ त ।

Draw something from … .for = तयार गर्नु We can draw from this event a good lesson for the youth यो घटनाबाट हामीले हाम्रा युवाहरूको लागि एक राम्रो पाठ तयार गर्न सक्छौ ।

Draw something about somebody = कसैका बारेका केही सोच वनाउनु I can't draw anything already now about her character उनको चरित्रबारे अहिले नै म कुनै सोच बनाउन सक्तिन ।

### सुडोकु–अंक ३०८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | ५ | २ | | |
| | | ६ | ३ | | | | | |
| ३ | | ९ | | ६ | | ८ | १ | |
| २ | | | | | | | ८ | |
| ९ | | ७ | | | | १ | | ४ |
| | १ | | | | | | | ६ |
| | ५ | २ | | ९ | | ७ | | १ |
| | | | | | ४ | ३ | | |
| | | ३ | ७ | २ | | | | |

### अंक ३०७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ७ | ८ | ५ | ३ | २ | १ | ४ | ९ |
| २ | ९ | १ | ४ | ६ | ७ | ३ | ५ | ८ |
| ४ | ३ | ५ | ८ | ९ | १ | २ | ७ | ६ |
| ९ | ५ | ३ | २ | ७ | ८ | ४ | ६ | १ |
| ८ | १ | ४ | ६ | ५ | ९ | ७ | ३ | २ |
| ७ | २ | ६ | १ | ४ | ३ | ९ | ८ | ५ |
| ५ | ८ | ९ | ३ | १ | ४ | ६ | २ | ७ |
| १ | ४ | २ | ७ | ८ | ६ | ५ | ९ | ३ |
| ३ | ६ | ७ | ९ | २ | ५ | ८ | १ | ४ |

# Report on 8th Enlarged Plenary Meeting of 8th WPK Central Committee




Pyongyang, June 19 (KCNA) -- At a time when the invincibility and fortitude of our cause have been further demonstrated all over the world and the all-people struggle for ushering in a new upsurge in socialist construction is gaining momentum thanks to the scientific and strong guidance and practice by the ever-victorious Workers' Party of Korea (WPK), the Political Bureau of the WPK Central Committee convened a plenary meeting to promote the perfect and substantial attainment of the grand goals of national prosperity.

The 8th Enlarged Plenary Meeting of the 8th Central Committee of the WPK was held at the office building of the WPK Central Committee, the supreme general staff of the Korean revolution, from June 16 to 18, Juche 112 (2023) to arouse stronger enthusiasm of all the Party members and other people for the struggle to consolidate the precious victory and the dignity and position of our powerful state, which they achieved by boldly breaking through all difficulties under the leadership of the great Party Central Committee, with steady advance and continuous leaps.

The plenary meeting made an interim summing-up of this year's work for implementing the major policies to firmly preserve the interests and security environment of the country and bring about a fresh upswing in the overall development of Korean-style socialism in line with the goal for progress and strategic and tactical principles set forth at the 6th and 7th plenary meetings of the 8th Party Central Committee. It discussed and decided on the important policy issues to be addressed without fail and further spurred in the advance in the second half of the year.

Kim Jong Un, general secretary of the Workers' Party of Korea, was present at the plenary meeting.

The first agenda item "On launching a bolder struggle for implementing the major policies for this year" was discussed.

The participants heard a report.The report reviewed the signal successes achieved by our Party and people through their arduous and fierce struggle in the first half of the year.

The adventurous military moves and reactionary offensive of the U.S. imperialists and the south Korean puppet cliques going unprecedentedly reckless have seriously threatened the security environment, development and interests of our state, laying a grave stumbling block to our advance.

Though the subjective and objective circumstances were unfavorable, the WPK and the people of the DPRK have overcome difficulties through proactive and positive struggle under the outstanding and tested leadership of Comrade Kim Jong Un and achieved encouraging and progressive successes to be proud of in all fields including the Party building, protection of national interests, economic construction and building of civilization.

The report summarized the work of the Party Central Committee for wisely organizing and guiding the all-people struggle for achieving substantial successes in the national economy development and providing a decisive guarantee for the fulfillment of the five-year plan.

It recalled that the Party Central Committee set it as a key issue to ensure self-sufficiency in food supply by increasing the country's agricultural production, opened up an epoch-making prospect for providing farming materials and strengthening the material and technical foundations of the countryside, and took every possible measure to successfully attain this year's grain production goal.

The Party Central Committee also took important measures to enable the major sectors of the national economy, including coal-mining, machine-building, forestry and railways, to make progress, and took revolutionary steps to tighten discipline in implementing the national economy plan. Such efforts brought about considerable results in tackling the unstable fluctuations manifested in various sectors at the outset of this year, remarkably increasing the growth rate of production in all fields of economic construction.

The report briefed the participants on the successes achieved in the struggle to attain the 12 major goals for national economic development.

This year's goal of irrigation construction, set at the 7th Plenary Meeting of the 8th Central Committee of the WPK, has been fulfilled in the main, and the socialist patriotic movement for increased coal production pioneered by the coal miners of South Phyongan Province is spreading on a larger scale to all sectors and units across the country. The metallurgical and chemical industries, the twin pillars of the economic development, are taking the lead in the drive, staunchly tiding over the ordeals and difficulties and over-fulfilling their higher plans.

In the construction sector, the construction of the first-stage 10 000 flats in the Hwasong area was successfully completed to be followed by inauguration. The construction of additional 2 000 flats in the area and of 1 400 flats in the Taephyong area were completed and new rural villages were built one after another, instilling joy and confidence into the people across the country.

Now, the construction of second-stage 10 000 flats in the Hwasong area, the construction of a new street in the Sopho area, the construction of the Kangdong Greenhouse Farm and the housing construction in the Komdok area are progressing apace.

The firm faith of all the people that the leadership of the Party is science and victory gets stronger amid the struggle for implementing the resolutions of the plenary meetings of the Party Central Committee, and the will to pave a broad avenue toward self-reliant prosperity with the great might of loyalty and patriotism has developed into the all-people ideological sentiments. This is a great success incomparable with any economic growth.

The report referred to the analysis made by the Political Bureau of the Party Central Committee of some shortcomings and wrong attitudes revealed in the struggle for implementing the state economic policies in the first half of the year, and the ways for overcoming them.

The Political Bureau of the Party Central Committee importantly put forward the realistic tasks to be fulfilled immediately for the sustainable and long-term development of agriculture.

The report rigorously analyzed a series of wrong attitudes - failure in establishing strict discipline of unconditionally carrying out the national economic plans in the economic work for the first half of the year and in building self-supporting foundations of the economy in a substantial way.

The high goals of struggle for this year and the reality oriented to the comprehensive development require the major industrial sectors, the pillars of the state economy, to overcome the one-sidedness in production, consolidate the already-reached growth line and bring about a fresh upsurge in the overall economy through a more vigorous struggle.

The Political Bureau of the Party Central Committee intends to put spurs to completing the projects for the maintenance and reinforcement, updating and modernization being promoted at the key industrial sectors and other sectors in order to make significant successes of completion for consolidating the backbone of the self-supporting economy one after another in the second half of the year.

The Political Bureau of the Party Central Committee in the report stressed the need for all construction project headquarters to take thoroughgoing measures for supplying building materials in consideration of the builders' ever-growing enthusiasm for struggle this year that witnesses the largest-ever projects in the country's history of construction and to invariably push ahead with the projects as scheduled through a strenuous offensive while perfectly ensuring the quality of design and construction.

In particular, the report underlined the need for all sectors and units to responsibly conduct the work for proactively encouraging and supporting the young people ideologically, morally, materially and technically to ensure that their high patriotic enthusiasm result in shining feats and miracles, true to the noble intention of the Party Central Committee which entrusted the young people with the whole project for building a new street in the Sopho area of Pyongyang Municipality.

In the report, the Political Bureau of the Party Central Committee paid attention to the accounts of the work for carrying out the policy-oriented tasks prioritized by the Party at present.

In particular, it analyzed and reviewed in detail the execution of a new childcare policy set forth at the Third Plenary Meeting of the Eighth Party Central Committee.

In the past two years, provinces, cities and counties have made much effort to increase milk production and provide facilities for producing dairy products along with the establishment of the well-organized system and order for supplying dairy products. This made it possible to regularly supply dairy products to all the children at nurseries and kindergartens every day, which is one of the most remarkable changes made in the life of our people by the Eighth Party Central Committee.

The Political Bureau of the Party Central Committee correctly found out and reviewed the advantages and shortcomings manifested in the execution of the Party's childcare policy by classifying them according to different units and contents, and stressed the need to take practical measures for increasing the production of dairy products and promote them consistently.

The report referred to the issue of pushing forward with the work for land administration and ecological environment protection in a long-term and development-oriented way, the issue of scientifically intensifying the work for financially and monetarily guaranteeing the economic development and the improvement of the people's living standard, and the issue for the Cabinet to establish a well-regulated unified commanding system and controlling and reporting system of the economic work as befitting the economic headquarters of the country.

The report said that in order to confidently pave the path for achieving prosperity of the country by dint of self-reliance, it is necessary to hold fast to the development of science and technology as a core strategy in all fields and sectors and focus efforts on it.

The Political Bureau of the Party Central Committee put forward the ways for training the scientists and technicians, who are the scouts and main forces of the country's sci-tech development, into revolutionary and patriotic scientists, and mobilizing and using the sci-tech talents in a unified and effective way, and specified the major goals and tasks of sci-tech development at present.

To dynamically push ahead with the expansion and development of the space industry as a national affair is arising as an urgent task, the report pointed out.

The Political Bureau of the Party Central Committee proposed an essential structural measure to be referred to the Supreme People's Assembly in the light of the view that the nationwide space science and technology potentiality should be fully mobilized to pave the path to development of space industry in a far-sighted way and turn the country into a world-class space power by steadily expanding and increasing the sci-tech successes made at the early stage for exploring the space field.

The Political Bureau of the C.C., WPK stressed the important mission of security organs to thoroughly guarantee the implementation of the policies of the Party and the government with the security work and in a legal way, and underlined the need for relevant sectors to more offensively, tactically and powerfully conduct the work for reliably defending the single-hearted unity, the irresistible might of the DPRK.

The report referred to the analysis and evaluation of the Political Bureau of the C.C., WPK on the justification for directing greater efforts to bolstering up the capabilities for self-defence in conformity with the present changed security situation of the DPRK and steadily updating the military hardware of the DPRK armed forces.

The complicated and serious situation on the Korean peninsula which is getting out of control requires the DPRK to ceaselessly renew its military potentials and make a faster advance toward the bolstering up of its capabilities for self-defence.

The practical actions which turned the core tasks for bolstering up the defence capability set forth at the 8th Congress of the WPK into successful entities, pursuant to the solemn declaration of the WPK that the DPRK will counter the enemies' nukes and policy of frontal confrontation in kind, have demonstrated the rapid building speed of the ever-developing strategic force of the DPRK and its powerful military technical capabilities and have exposed the U.S. imperialists and the south Korean puppet forces to the insurmountable security crisis.

The Political Bureau of the C.C., WPK appreciated that the strategic force of the DPRK has made progress recognized by the world in the light of the high-level military technical capabilities and the development speed of weapon systems and has developed into an existing powerful entity. On the other hand, it strictly reviewed the shortcomings that were revealed in some fields and that cannot be overlooked.

The most serious one was the failure of the military reconnaissance satellite launch, the important strategic work in the field of space development, on May 31.

The five-point major goals for developing the defence capabilities set forth by the 8th Congress of the Party are all important, but the development of military reconnaissance satellite is of very great significance in prospect of the development of the armed forces of the DPRK and in making full preparations for combat.

The report bitterly criticized the officials who irresponsibly conducted the preparations for satellite launch, and set forth the militant task for officials and scientists in the relevant field to make a thorough analysis of the cause and lesson of the recent failure, successfully launch the military reconnaissance satellite in a short span of time and thus make a shortcut to improving the capabilities of the Korean People's Army's reconnaissance intelligence and achieving a greater leap forward in the field of space development, bearing deep in mind their important mission.

All the successes made in the field of developing various weapon systems including nukes and missiles are a big stride forward in the important and critical situation of bolstering up the nuclear war deterrent of the country, the Political Bureau affirmed, calling on the national defence field to consistently adhere to the orientation of developing nuclear weapons and the line of bolstering up the nuclear force set forth by the Party Central Committee and reliably defend the sacred cause of the Juche revolution by increasing the production of powerful nuclear weapons.

The report seriously analyzed and evaluated the extremely deteriorating security situation on the Korean peninsula due to the reckless war moves of the hostile forces in disregard of the patience and warning of the DPRK and referred to the urgency to swiftly respond to them in a military technical, political and diplomatic way.

The Political Bureau of the Party Central Committee recognized that the principle of action for action should be strictly adhered to and the overwhelming and offensive countermeasures should always be taken forcefully without delay against the enemy's intentional and undisguised escalation of military tension. And the plenary meeting unanimously approved concrete plans and modes of counter-action for their implementation.

The Political Bureau of the WPK Central Committee set forth important tasks for conducting external activities independently and more actively on the principle of defending the sovereignty and national interests to cope with the swirling international military and political situation such as further strengthening solidarity with the countries which are opposed to the U.S. brigandish strategy for world supremacy.

The report referred to the issues essential in remarkably increasing the leadership ability and fighting efficiency of the Party as required by the enormous revolutionary tasks facing the DPRK at present and the urgent requirements of the subjective and objective environment.

The Political Bureau of the Party Central Committee analyzed and reviewed the successes, made in the work for actively promoting the qualitative consolidation of the Party and enhancing the fighting efficiency and activity of the Party organizations in the first half of the year, and the shortcomings that should be immediately overcome in the Party work.

The report referred to the new Party measures to firmly guarantee the sound political climate and development of the Party by energetically organizing and conducting the work to implement the five-point line of party building in the new era and indicated the orientation of work to be given priority to by the party organizations at all levels in carrying out the goals of this year's struggle and the strategic tasks.

Expressing belief that the Korean revolution will surely enter a new phase of development as all the Party members and other people are making redoubled efforts by dint of their unity in the face of the worst difficulties, the Political Bureau of the Party Central Committee called upon all sectors and units to put spurs to successfully attaining the goals of this year's struggle and courageously shoulder the mission and important duty they have assumed.

All the participants expressed with loud applause their full support and approval to the report of the Political Bureau of the Party Central Committee which set forth the policies for dynamically putting the Korean-style socialist construction on a certain track of upswing according to our timetable.

www.kcna.kp (Juche112.6.19.)

## सन् १९५०...

आउन खोज्दै गर्दा राणा प्रधानमन्त्री मोहनशमशेर नै पहिले (२००६ फागुन ७ गते) दिल्ली पुगे । रेल्वे स्टेशनमा पुगेर नेहरू आफैंले मोहन शमशेरको स्वागत गरे र हैदरावाद हाउसमा उनलाई भारतको अति विशिष्ट पाहुना बनाए । हैदरावाद हाउसमा मोहनशमशेर र नेहरूबीच डेढ घण्टासम्म गोप्य वार्ता भयो । सन् १९५० को सन्धि त्यही गोप्य वार्ताले तय गरेको थियो ।

**सन्धिको मस्यौदा**

मोहनशमशेर काठमाडौं फर्किने बित्तिकै तत्कालीन भारतीय राजदूतले प्रस्तावित सन्धिको मस्यौदा थमाए । सन्धिको मस्यौदामाथि छलफल गर्न विजय शमशेरको नेतृत्वमा सरदार नरेन्द्रमणि आचार्य दीक्षित, सरदार गुन्जमान सिंह र मिरसुब्बा भीमबहादुर पाँडे दिल्ली पुगे । भारतबाट सेक्रेटरी गिजांशंकर बाजपेयी, विदेश सचिव केपिएस मेनन, सहसचिव सुन्दर हकस र नेपालका लागि भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण छलफलमा सहभागी भए । भारतले मस्यौदा गरेको सन्धिको धारा २,५,६ र ७ मा नेपाली पक्षले सहमति जनाएन । धारा २ मा नेपाल र भारत दुवै सरकारले कुनै छिमेकीसँग गम्भीर खटपट या विवाद उत्पन्न भए एक अर्कालाई जानकारी दिने उल्लेख गरिएको थियो । धारा ५ मा हातहतियार विस्फोटक पदार्थ वा गोलीगठ्ठा कलपुर्जा आदि भारतबाट या भारतीय भूभाग भएर आयात गर्न भारतको सहमति लिनुपर्नेछ भनी अन्य देशबाट ल्याउन बन्देज गरिएको थियो । धारा ६ मा औद्योगिक र आर्थिक विकासका मामिलामा एक अर्को देशका नागरिकलाई सहभागी हुन राष्ट्रिय व्यवहार प्रदान गर्ने उल्लेख थियो । धारा ७ मा एक अर्को देशका नागरिकलाई आआफ्नो भूभागमा बसोबास तथा सम्पत्तिको भोगचलन गर्ने, उद्योग र व्यापारिक कारोबारमा भाग लिने, डुलफिर गर्ने कुरामा समान आधारमा विशेषाधिकार प्रदान गर्ने उल्लेख थियो ।

भारतीय पक्षले नेपालको चासो लेटर अफ एक्सचेन्जमा समेटिने बताए पनि नेपाली वार्ता टोली सहमत भएन । वार्ता टोली काठमाडौं फर्कियो र छलफलको विस्तृत विवरण मोहन शमशेरलाई दियो । तर मोहनशमशेरले हैदरावाद हाउसको नेहरू भेटमा सायद राणा शासन जोगाइ राख्न भारतको साथ रहने आश्वासन पाएका थिए । उनले आफैंले सन्धिमा हस्ताक्षर गर्ने निर्णय गरे ।

**सन्धिमा हस्ताक्षर**

सन् १९५० जुलाई ३१ तारिखका दिन सिंहदरबारको ग्यालरी बैठकमा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भयो । नेपालका तर्फबाट श्री ३ मोहनशमशेर र भारतबाट नेपालका लागि राजदूत चन्देश्वरप्रसाद नारायण सिंहले हस्ताक्षर गरे । सन्धि हुँदा स्वतन्त्र भारत करिब तीन वर्षको थियो भने नेपाल १०४ वर्षीय राणा शासनको आखिरी समयमा थियो । सन्धिअघि कर्मचारीतन्त्रको स्तरमा भएको छलफलमा नेपालले वैकल्पिक ११ धारा समेटिएको मस्यौदा पेस गरेको थियो । भारतले पेस गरेको सन्धिका धारा २,५,६ र ७ मा नेपाली कुटनीतिज्ञ र प्रशासकले असहमति जनाए पनि मोहनशमेशरले सत्ता बचाउन सही गरेका थिए । नेपालबाट प्रधामन्त्रीले र भारतबाट राजदुतले सन्धिमा हस्ताक्षर गर्नु नै असमानता थियो । नेपाल भारतबीच युद्ध नभएको अवस्थामा शान्ति तथा मैत्री सन्धि गरिनु औचित्यपूर्ण थिएन । राणा शासन बचाउने मोहन शमशेरको यो अन्तिम प्रयास एक वर्षपछि २००७ साल फागुन ७ गते राणा शासनको अन्त्यसँगै विफल भयो ।

**सन्धिमा नेपाल के चाहन्छ ?**

सन्धिका धारा २, ५, ६ र ७ समयसापेक्ष नरहेको भन्दै अद्यावधिक गर्नुपर्ने नेपालको प्रस्ताव छ । २१औँ शताब्दीअनुकूल सन्धि परिमार्जन गर्नुपर्ने धारणा राखेको छ । ३१ जुलाई १९५० मा नेपाल र भारतबीच शान्ति तथा मैत्री सन्धि भएको थियो । तत्कालीन श्री ३ मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि तत्कालीन राजदूत चन्द्रेश्वरप्रसादनारायण सिंहले सन्धिमा हस्ताक्षर गरेका थिए ।

**धारा २ :** कुनै राष्ट्रसँग ठूलो खलबल वा फाटो पर्न आई त्यसबाट दुई सरकारका बीचमा रहेको मैत्रीको सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबुल गर्छन् ।

तर, भारतले विगतमा चीन र पाकिस्तानसँगको युद्धमा नेपाललाई जानकारी गराएको थिएन । यो धारा कार्यान्वयनमा नआएको र यसले एक-अर्काको सार्वभौम अधिकार कुण्ठित गरेको नेपालको बुझाइ छ ।

**धारा ५ :** नेपाल सरकारलाई भारत राज्य क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाका निमित्त चाहिने हातहतियार, कलपुर्जा, गोलीगट्ठा, खरखजाना, मालसामानको पैठारी गर्ने अधिकार छ । दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तीलाई चालू गराउने कारबाहीको तय गर्नेछ ।

तर, यो धाराअनुसार भारतबाटै नेपालले हतियार लिनुपर्ने बाध्यता नभए पनि ०४५ मा नेपालले चीनबाट एन्टी एयरक्राफ्ट गन ल्याउँदा भारतले नाकाबन्दीसम्म गर्‍यो । यही सन्धिसम्बन्धित १९६५ को हतियार खरिदसम्बन्धी सम्झौताले पनि नेपाललाई अप्ठ्यारो पारेकाले सच्याउनुपर्ने नेपालको धारणा छ । पछि नेपालले बेल्जियम र अमेरिकाबाट हतियार ल्याउँदा भारतले कूटनीतिक च्यानलमार्फत् असन्तुष्टि जनाएको थियो ।

**धारा ६ :** भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतीकस्वरूप दुवै सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका आदर्श सरकारका जनतालाई आफ्ना मुलुकको औद्योगिक, आर्थिक विकास र त्यस्तो विकाससम्बन्धी रियायत र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिन कबुल गर्छ । तर, यो धाराअनुसार भारतीयलाई राष्ट्रिय व्यवहार गर्न नसकिने नेपालको प्रस्ताव छ । नेपालको जनसंख्या र भूगोलअनुसार यो सम्भव नहुने उल्लेख छ ।

**धारा ७ :** नेपाल सरकार र भारत सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका अर्को मुलुकका जनतालाई निवास, सम्पत्तिको भोग, व्यापार, वाणिज्यमा भाग लिन, चलफिर गर्न र अरू त्यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार लिनलाई कबुल गर्छन् । तर, भारत र नेपालको जनसंख्या र भौगोलिक आकार फरक भएका कारण यो कार्यान्वयन हुन नसक्ने र प्रावधान नै संशोधन गर्नुपर्ने नेपालको प्रस्ताव छ ।

## यस्तो थियो...

सन्धि अविच्छिन्न रुपमा जारी रहने उल्लेख छ ।

यो सन्धिका अन्य धारामा जिकिर गरिएका जे-जति कुराहरू छन्, तिनको हकमा १९५० जुलाई ३१ तारिखभन्दा अघि नेपाल र बेलायतबीच भएका सबै सन्धि-सम्झौता रद्द हुन्छन् भनी धारा ८ मा प्रतिबद्धता व्यक्त गरेपछि माथिको फेहरिस्तमा उल्लिखित कुराहरू यदि नेपाल-बेलायतबीच पहिले भएका सन्धिमा रहेछन् भने ती सबै रद्द भए भन्ने नै अर्थ लाग्छ । यसबाट भारतीय पक्षले यो सन्धिमा भूभाग वा जमिनको कुनै उल्लेख नभएको हुँदा १८१६ मार्च ४ को सुगौली सन्धिका भूभागसम्बन्धी धाराहरू २, ३ र ५ रद्द हुँदैनन् भन्ने सोझो अर्थ लगाएको हुनसक्छ । तर उसको यो बुझाइ कमजोर, मनोगत र एकपक्षीय छ ।

जुलाई ३१, १९५० को सन्धिको धारा १ मा जे भनिएको छ, त्यसको अर्थ त्यति सोझो छैन । यसमा भनिएको दुबै मुलुकको पूर्णसार्वभौमसत्ता, राज्यक्षेत्रको अक्षुण्णता र स्वाधीनताको अर्थ जुलाई १८, १९४७ मा बेलायतको संसदबाट पारित 'इण्डिया स्वतन्त्रता ऐन' भन्दा बाहिर गएर लगाउन सकिँदैन, अपितु यही ऐन अनुसार मात्र लगाउन सकिन्छ ।

'इण्डिया स्वतन्त्रता ऐन' अनुसार सन् १९४७ अगस्ट १४ मा पाकिस्तान र अगस्ट १५ मा इण्डियाको निर्माण भएको हो । त्यसअघि औपचारिक रुपमा न पाकिस्तान थियो न अहिलेको इण्डिया । यसबाट धारा १ मा उल्लिखित नेपालको पूर्णसार्वभौमसत्ता, राज्यक्षेत्रको अक्षुण्णता र स्वाधीनता के, कति र कस्तो हो त ? भन्ने प्रश्न स्वाभाविक रुपमा उठ्छ ।

यसरी सन् १९४७ जुलाई १८ मा 'इण्डिया स्वतन्त्रता ऐन' पारित भई अगस्त १४ र १५ मा त्यसको कार्यान्वयन हुनासाथै ब्रिटिश इण्डियामा गाभिएको नेपाली भूभाग बेलायतको अस्तित्व त्यहाँ नरहेको परिप्रेक्ष्यमा सुगौली सन्धि भङ्ग भई स्वतः स्वतन्त्र भएर नेपालमा एकीकृत भएको हो । इण्डिया स्वतन्त्र हुनासाथै नेपाल बेलायतबीच भएको सुगौली सन्धि ऊसँग पनि यथावत् लागू हुने भनी नेपाल र इण्डियाबीच नयाँ सम्झौता भएको भए वा नेपाल, बेलायत र इण्डियाबीच सन् १९४७ नोभेम्बर ९ मा भएको गोर्खा सेना विभाजनसम्बन्धी सन्धिजस्तै उक्त नेपाली भूभाग भारतमै रहने भनी यी तीन मुलुकबीच त्रिपक्षीय सन्धि भएको भए इण्डिया-भुटान सन्धि- १९४९ अगस्त ८ को धारा ४ अनुसार भुटानको जमिन भारतमा रहेझैं नेपाली भूभाग भारतमा रहनु वैध हुन्थ्यो तर इण्डियाले सुगौली सन्धिको अनुमोदन गर्नका सट्टा १९५० जुलाई ३१ को सन्धिको धारा ८ अनुसार सुगौली सन्धिलगायत नेपाल र बेलायतबीच भएका सम्पूर्ण सन्धि, सम्झौता र स्वीकारपत्रलाई रद्द गर्‍यो ।

सुगौली सन्धिलगायतका अन्य सन्धि-सम्झौता रद्द हुनु भनेको नेपालको सिमाना पूर्वा टिस्टा र पश्चिममा सतलज नदीसम्म पुगी नेपालको क्षेत्रफल २०४९१७ वर्गकि.मि. कायम हुनु हो । यो प्रकरणको ठीक तीन महिनापछि १९५० अक्टोबर ३० मा नेपाल र बेलायतबीच १० सूत्रीय सन्धि भयो । सुगौली सन्धिका कारण गुमेको जमिन नेपाललाई फिर्ता गर्न सम्बन्धमा यो सन्धिको धारा ८ ज्यादै महत्वपूर्ण छ । त्यस्तै यो सन्धिको प्रस्तावना अभिन्न अङ्गका रुपमा रहेका छन् । प्रस्तावनामा भनिएको छ, 'आफ्ना दुई देशका बीचमा सन् १८१५ देखि आनन्दपूर्वक शान्ति, मैत्री र सद्भावको सम्बन्ध कायम रहिआएको ध्यानमा राखी भारत र पाकिस्तानका दुई स्वाधीन राज्यहरूको स्थापना भएको फलस्वरुप काठमाडौंमा सन् १९२३ को डिसेम्बर २१ तारिखका दिन हस्ताक्षर भएको सन्धिपत्र र सोभन्दा अघिका सन्धिपत्रहरूका समेत कोही-कोही दफा युनाइटेड किंगडम र नेपालका सरकारहरूका बीचमा लागु नरहने विचार गर्दै यति दीर्घकालसम्म परस्परमा रहेको राम्रो सम्बन्धलाई कायम गर्दै झन् बलियो पार्ने मनसायले सो अभिप्रायका निम्ति एक नयाँ सन्धिपत्र गर्ने इरादा गरी तलका दफाहरूमा लेखिएबमोजिम मन्जुर गरेका छन् ।

यस सन्धिको आठौं दफामा भनिएको छ, 'यो सन्धिपत्र चालु भएको मितिदेखि जहाँतक युनाइटेड किंगडम र नेपालका बीचको सम्पर्क छ, युनाइटेड किंगडम सरकार र नेपाल सरकारका बीचमा सन् १९२३ को डिसेम्बर २१ तारिखअघि सो तारिखमा काठमाडौंमा हस्ताक्षर भएको सन्धिपत्रसमेत खारेज हुनेछन् । त्यस्तै सन् १९२३ डिसेम्बर २१ मा भएको सन्धिको दोस्रो धारामा भनिएको छ, 'दुबै देशबीच भएका सम्पूर्ण पहिलेका सन्धि, सहमति तथा दायित्वपत्रहरू १८१५ को सुगौलीको सन्धिसमेतलाई वर्तमान सन्धिले परिवर्तन गरेबाहेक पुष्टि गरिएको छ । यसरी यस सन्धिले सुगौली सन्धिलाई पुष्टि गरेको १९२३ को सन्धि र त्यसअघिका सबै सन्धि रद्द गरेपछि नेपालको सिमाना टिस्टादेखि सतलजसम्म कायम हुन्छ भन्नु सामान्य कुरा हो । यसरी नेपाल र बेलायतबीच अक्टोबर ३०, १९५० मा भएको सन्धिले सन् १९२३ मा भएको सन्धिसहित त्यसअघि भएका अरु सबै सन्धि रद्द गरेको र प्रस्तावनामा पाकिस्तान र इण्डियाको निर्माण भएपछि नेपाल र बेलायतबीच पहिले भएका सन्धिले केही दफा यी दुई मुलुकबीच लागू नहुने कुरा स्पष्ट गरेपछि नेपालको सिमाना २०४९१७ वर्ग कि.मि. कायम भयो ।

सुगौली सन्धि नेपाल र बेलायतबीच भएको थियो र नेपाल र बेलायतले सन्धि गरेरै सुगौली सन्धि रद्द गरे । यो घटना इण्डियाका निम्ति प्रत्युत्पादक साबित हुने देखियो । त्यसैले नेपालले सुगौली सन्धिमा गुमेको बाँकी जमिन माग्ने प्रबल सम्भावना देखेपछि इण्डियाले यो सम्भावनालाई बुद्धिमानीपूर्वक कुल्चने प्रयास तत्काल सुरु गर्‍यो । जब वि.सं. २००५ वैशाख १८ गते ६४ वर्षीय मोहनशमशेर नेपालका प्रधानमन्त्री भए उनका बुहारीहरू पञ्जाबी भएका हुँदा तत्कालीन भारतीय राजदूत सुरजीत सिंह मजेठियासँग उनको राम्रै हेलमेल थियो । मोहन शमेशरकी श्रीमतीसँग राजदूत मजेठियाकी श्रीमतीबीच मितेरी साइनो गाँसिएपछि यो सम्बन्ध थप प्रगाढ भयो । भारतीय प्रधानमन्त्री नेहरूले मजेठियाबाट आफूले सोचेको काम फत्ते नहुने देखी दुई वर्ष नपुग्दै मजेठियाको ठाउँमा बिहारका चन्द्रेश्वरप्रसाद नारायण सिंहलाई गोप्य कुरा कसैलाई नभन्न कबुल गराई राजदूत बनाई काठमाडौं पठायो ।

वि.सं. २००६ साल असार महिनामा चन्द्रेश्वर काठमाडौं आइपुगे । संयोग कस्तो पर्‍यो भने २००६ सालमा (मिति अनिश्चित) त्रिभुवनकी जेठी महारानी अस्वस्थ भइन् । तिनको उपचारका निम्ति लण्डन निवासी तर सिमलामा १० वर्षेदेखि कार्यरत स्वास्थ्य परिचारिका कुमारी एरिका ल्युटागलाई ल्याउने प्रबन्ध मिलाइयो । एरिकामार्फत् 'एक पन्थ दुई काज' भनेझैं महारानीको उपचारसँगै आफ्नो काम पनि फत्ते गर्ने भारतीय योजना थियो । नभन्दै एरिकाको मध्यस्थता र योजनामा त्रिभुवन र चन्द्रेश्वरप्रसादबीच गुप्त भेटघाट हुन थाल्यो । एरिका र चन्द्रेश्वरबीच पनि निरन्तर सम्पर्क भइरहेको थियो । त्रिभुवनलाई दिल्ली पुर्‍याउने योजना यति तीव्र गतिमा अघि बढ्यो कि सन् १९५० अक्टोबर ३० मा नेपाल र बेलायतबीच सन्धि भएको एक हप्ता नबित्दै राजदूत चन्द्रेश्वरसँगको परामर्श र सहमतिमा सन् १९५० नोभेम्बर ६ तारिखका दिन बिहान नागार्जुनमा शिकार खेल्न जाने निहुँमा राजा त्रिभुवन सपरिवार त्यतिबेला शीतलनिवासमा रहेको भारतीय राजदूतावासभित्र प्रवेश गरे । राजदूत चन्द्रेश्वरप्रसादले वायरलेसमा नेहरूसँग धेरै छलफल गरी यो घटनाक्रमसँग सम्बन्धित आवश्यक आदेश र सुझाव लिई शीतलनिवासमै ६ दिनसम्म बसेर सातौं दिन नोभेम्बर १२ मा इण्डियन एयरफोर्सको विमानद्वारा त्रिभुवन सपरिवार दिल्ली प्रस्थान गरे । दिल्लीको पालम एयरपोर्टमा नेहरूले त्रिभुवनको स्वागत गरी उनलाई हैदराबाद हाउसमा बिराजमान गराए । हुन त यसलाई राणा शाहीविरुद्ध प्रजातन्त्रको पक्षमा त्रिभुवनले लगाएको गद्दीको बाजीका रुपमा अर्थ्याउने गरिन्छ तर इण्डियालाई नेपालमा प्रजातन्त्र चाहिएको भए इण्डिया स्वतन्त्र भएको तीन वर्षसम्म नेपालमा प्रजातन्त्र आउने दिन कुर्नपर्ने थिएन ।

वास्तवमा त्रिभुवनलाई सन् १९५० जुलाई ३१ र सन् १९५० अक्टोबर ३० प्रत्येक सन्धिका धारा ८ ले कायम गरेको ग्रेटर नेपाललाई मूर्तरुप दिनबाट रोक्न त्रिभुवनलाई दिल्ली पुर्‍याइएको थियो । तत्कालीन राणा सरकारले बेलायतसँग उक्त सन्धि गरेको हुँदा त्यसको रिस फेर्न भारतीय योजना मुताबिक नै नेपाली काँग्रेसलाई राणा शाहीविरुद्ध लड्न उसले आवश्यक सहयोग गरेको थियो । दिल्लीमा नेहरूले त्रिभुवन, राणा र काँग्रेसलाई एकआपसमा भेट्न नदिई तीनै पक्षसँग छुटाछुट्टै वार्ता गरी सुगौली सन्धिमा गुमेको जमिन फिर्ता नमाग्ने भद्र सम्झौता गरेका थिए । यसका निम्ति त्रिभुवनलाई वि.सं. १९०३ मा जङ्गबहादुर राणाले खोसेको शाही सत्ताको पुनःस्थापना गरिदिने, राणा प्रधानमन्त्री मोहन शमशेरलाई प्रजातान्त्रिक सरकारको पनि नेतृत्व गर्न दिई उसको सम्मान जोगाइ दिने र कांग्रेसलाई तत्काल सरकारमा स्थापित गरी भविष्यमा उसैलाई सरकारको नेतृत्व दिने भन्ने थियो ।

## हावाहुरी....

रहेको महाशाखाले जनाएको छ । लुम्बिनी, गण्डकी र बागमती प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका तराईका केही स्थानमा हावा हुरीको सम्भावना रहेको महाशाखाद्वारा जारी बुलेटिनमा उल्लेख छ ।

लुम्बिनी, गण्डकी, मधेश र कोशी प्रदेशका केही स्थानमा तथा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघगर्जन तथा चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ । हावाहुरीसहित वर्षाका कारण सडक तथा हवाई यातायात, स्वास्थ्य, कृषि, पर्यटनलगायत क्षेत्र प्रभावित हुन सक्ने भन्दै महाशाखाले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ ।

## अस्ट्रेलियाबाट...

लागेको हो । कूल २२ सेन्टिमिटर उचाइ ४३ दशमलव छ सेन्टिमिटर चौडाइ र ११ सेन्टिमिटर गहिराइको सानो आयताकार प्यानल एउटा र तीनवटा विभिन्न साइजका 'आर्क' शैलीका प्यानल छन् । पुरातात्विक महत्वका कलाकृतिलाई जम्मा तौल २६ केजी रहेको सांग्रिला कार्गोका कार्यकारी निर्देशक सौगात सिंहले जानकारी दिए । नेपाल ल्याएपछि ती पुरातात्विक महत्वका कलाकृतिहरू पुरातत्व विभागमा राखिनेछ ।

## संशोधनबिनै...

पनि सत्तापक्षका असन्तुष्टले विपक्षमा मतदान गर्ने सम्भावना देखेर एमालेले मत विभाजनको माग गरेको थियो । एमालेको मागबमोजिम नै सभामुख देवराज घिमिरेले मत विभाजन प्रक्रिया अपनाएका थिए ।

सरकारले आगामी आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट ल्याएको छ । उक्त बजेटमध्ये चालूतर्फ ११ खर्ब ४१ अर्ब ७८ करोड, पुँजीगततर्फ तीन खर्ब दुई अर्ब सात करोड र वित्तीय व्यवस्थापनतर्फ तीन खर्ब सात अर्ब ४५ करोड रुपैयाँ विनियोजन गरेको छ । सरकारले उक्त बजेटको स्रोतमा १२ खर्ब ४८ अर्ब ६२ करोड राजस्वबाट, ४९ अर्ब ९४ करोड वैदेशिक अनुदानबाट, दुई खर्ब १२ अर्ब ७५ करोड वैदेशिक ऋणबाट र दुई खर्ब ४० अर्ब आन्तरिक ऋणबाट उठाउने योजना बनाएको छ । सरकारले उक्त बजेटबाट छ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने र छ दशमलव पाँच प्रतिशत मुद्रास्फीति अर्थात् मूल्यवृद्धि कायम राख्ने घोषणा बजेट वक्तव्यमार्फत गरेको छ ।

बजेटमा प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री डा. महतले चरम दुरूपयोग गर्दै आफ्नो स्वार्थ मात्र हेरेका छन् । अर्थमन्त्री महतले नुवाकोटमा धेरै बजेट लगेको आरोप लागे पनि उनले नुवाकोट क्षेत्र नम्बर १ मा बजेट धेरै हालेका छन् । उनको घर नुवाकोटको क्षेत्र नम्बर १ मा पर्छ । प्रधानमन्त्री प्रचण्डले आफ्नो निर्वाचन क्षेत्र गोरखा २ र चितवनमा बढी बजेट हालेका छन् भने अर्थमन्त्री महतले अर्को धेरै बजेट आफ्ना सभापति देउवाको गृहजिल्ला डँडेलधुरामा हालेका छन् । बजेटप्रति बहालवाला मन्त्रीहरूले नै असन्तुष्टि जनाए पनि उनीहरू कसैको पनि माग सम्बोधन भएको छैन । बजेट संशोधन नभएको कारण असन्तुष्ट सांसदहरूको मात्र होइन मन्त्रीहरूकै माग पनि सम्बोधन भएन ।

## थाइल्यान्डमाथि...

सूर्यांशु ४० रनमा पेभेलियन फर्के । नरेन भट्टले ४३ बलमा ५५ रन बनाए । यस्तै, सन्तोष यादवले ४२ रनको योगदान दिए । जितका लागि दुई सय ७० रनको लक्ष्य पछ्याएको थाइल्यान्डले नेपाली बलरसामु घुँडा टेक्यो । थाइल्यान्ड १३.२ ओभरमा ४४ रनमा अलआउट भयो । नेपालका सन्तोष यादवले पाँच, अशोक धामीले तीन र अभिषेक तिवारीले दुई विकेट लिए ।

## ललिता...

कलाधर देउजा र हुपेन्द्रमणि केसी छन् । आज सार्वजनिक हुनेमा काठमाडौँ महानगरपालिका-६ का ६९ वर्षीय मीनबहादुर गुरुङ, काठमाडौँ महानगरपालिका-७ रातोपुलका ८० वर्षीय धर्मप्रसाद गौतम, चन्द्रागिरि नगरपालिका-३ का ६० वर्षीय गोपाल कार्की र काठमाडौँ महानगरपालिका-४ का ६८ वर्षीय सुधीर शाह छन् ।

ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम तत्कालीन श्री ५ को सरकारले मुआब्जा दिई अधिग्रहण गरी नेपाल सरकार, समरजङ्ग कम्पनीका नाममा दर्ता रहेको ललिता निवासको जग्गा हिनामिना गरेको, सरकारी छाप दस्तखत कीर्ते मुद्दाको अनुसन्धानका क्रममा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए ।

ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले लामो समयदेखि अनुसन्धान गरिरहेको ललिता निवास जग्गा प्रकरणको अनुसन्धानलाई निष्कर्षमा पुर्‍याउने गरी काम गरिरहेको बताए । सरकारी वकिल कार्यालयबाट फाइल फिर्ता आइसकेपछि ब्यूरोले अनुसन्धानमा ठूलो मेहनत गरेको उनको भनाइ छ ।

## हरिशयनी...

गर्ने भएकाले हिजोको दिनलाई हरिशयनी एकादशी भनिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउँछन् । भगवान् विष्णु शयन गर्ने चार महिनालाई चतुर्मासा पनि भनिन्छ । यस वर्ष भने साउन महिनामा अधिकमास परेकाले पाँच महिना हुने भएको छ ।

एक वर्षमा २४ एकादशी पर्छन् । यस वर्ष भने अधिकमासका दुईसमेत गरी २६ एकादशी परेका छन् । सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर व्रत बस्छन् । नसक्नेले चतुर्मासाका चार महिनामा पर्ने आठ एकादशीमा व्रत गर्छन् । कामकाजमा सक्रिय हुनुपर्ने र चार महिनासम्म पनि फलाहार गर्न नसक्नेले भने हरिशयनी एकादशी र हरिबोधिनी एकादशीका दिन फलाहार गरी व्रत बस्ने गर्छन् ।

हरिशयनी एकादशीका अवसरमा बिहानैदेखि राजधानीको बूढानीलकण्ठ, उपत्यकाका चार नारायणलगायत देशभरका नारायण एवं विष्णु मन्दिरमा भक्तजनको भीड लाग्छ । एकादशीका दिन विशेष गरी चामलबाट बनेका परिकार नखाने रोटी, ढिँडोलगायत फलाहार गर्ने गरिन्छ ।

वैज्ञानिकरुपमा पनि बढी अक्सिजन पाइने प्रमाणित भएको तुलसी विभिन्न रोगका लागि औषधिका रूपमा समेत प्रयोग गरिन्छ । तुलसीको मोठ भएका स्थानमा रोग सार्ने विषालु प्रकारका कीटाणु नआउने विश्वाससमेत गरिन्छ । वास्तु दोष भएका स्थानमा तुलसीको मोठ राख्नाले सकारात्मक फल प्राप्त हुने मान्यता छ । तुलसी भएका स्थानमा शुद्ध हावा बहने तथ्यसमेत वैज्ञानिक रूपमा पुष्टि भएको छ ।

चार महिनासम्म विधिपूर्वक पूजा आराधना गरिएको तुलसीलाई कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशीका दिन दामोदरसँग विवाह गरिदिने वैदिक विधि छ । तुलसी र दामोदरको विधिपूर्वक विवाहपछि अग्निस्थापना विधिबाट चतुर्मासा व्रतको उद्यापनका लागि हवनसमेत गरिन्छ ।

## घट्यो...

थियो । तर, आर्थिक वर्ष २०७९/८० को वैशाखसम्ममा ह्वात्तै घटेर ४ अर्ब ३५ करोड ५६ लाख रुपैयाँ मात्रै लगानी भित्रिएको छ । यो करिब ७ वर्षयताकै सबैभन्दा कम हो । जबकी अघिल्लो वर्षको तुलनामा गत वर्ष भने ७.०९ प्रतिशतले बढेको थियो ।

यद्यपि चालु आवको तुलनामा यसअघिका आवमा अधिक लगानी भित्रिएको छ । जसअनुसार आव २०७७/७८ मा १६ अर्ब २० करोड १३ लाख रुपैयाँ, आव २०७६/७७ मा १८ अर्ब ७१ करोड ७१ लाख, आव २०७५/७६ मा ११ अर्ब ८० करोड ४९ लाख, आव २०७४/७५ मा १५ अर्ब ८६ करोड ८२ लाख रुपैयाँ र आव २०७३/७४ मा १२ अर्ब २७ करोड ५ लाख रुपैयाँ बराबरको खुद लगानी भित्रिएको थियो ।

राष्ट्र बैंकको तथ्यांक अन्तिम स्वीकृति दिएर भित्रिएको रकम हो । यो विदेशी लगानीकर्ताले नाफा, लाभांशजस्ता लगानी फिर्ता लगेकोलाई कटाएर खुद भित्रिएको रकम हो । चालु आवको १० महिनामा १ अर्ब ८० करोड ७३ लाख रुपैयाँ विदेशी लगानी फिर्ता भएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ । गत वर्षको सोही अवधिसम्म ४४ करोड २० लाख रुपैयाँ लगानी फिर्ता लगिएको थियो । यसअनुसार नेपालमा लगानी गरेका लगानीकर्ताहरूले फिर्ता लगेको रकम पनि बढ्दो छ ।

यता सरकारले आगामी आवको बजेटमार्फत विदेशी लगानी प्रोत्साहन गर्न सहज नीतिगत व्यवस्था गरेको दाबी छ । आव २०८०/८१ को बजेटअनुसार आन्तरिक तथा बाह्य लगानी प्रबर्द्धनका लागि नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी वृद्धि गर्दा शुल्क लाग्दै आएकोमा अबदेखि कुनै पनि शुल्क वा दस्तुर नलाग्ने व्यवस्था मिलाउने उल्लेख छ । यसमा भनिएको छ, 'न्यूनतम एक सय रुपैयाँमात्र अधिकृत पुँजी घोषणा गरेर पनि कम्पनी खोल्न सक्ने कानुनी व्यवस्था गरिनेछ ।

अझ आगामी आवमा नेपाललाई लगानीको गन्तव्यका रूपमा चिनाउन सरकारले तेस्रोपटक लगानी सम्मेलन गर्ने घमेषणा गरेको छ । सम्मेलनको जिम्मा लिएको लगानी बोर्डले आव २०८०-८१ भित्र (२०८१ अगावै) लगानी सम्मेलन गर्ने तयारी अगाडि बढाएको बताएको छ । यसअघिका सम्मेलनलाई हेर्दा खर्बौंको प्रतिबद्धता आए पनि लगानी भने अर्बमा सीमित हुने गरेको देखिन्छ । सरकारले यसअघि २०७२ चैत १५ र १६ गते र २०७३ फागुन १९ र २० गते लगानी सम्मेलन आयोजना गरेको थियो । जसमा पहिलो लगानी सम्मेलनमा करिब १४ खर्ब रुपैयाँको लगानी प्रतिबद्धता प्राप्त भएको थियो ।

यसपछि दोस्रो लगानी पहिलोभन्दा अझै बृहत् हुँदा विभिन्न परियोजनामा कुल ३२ खर्ब रुपैयाँ बराबरका लगानीको प्रस्ताव आएको थियो । तर, हरेक आवमा खर्बका बजेट भित्रिन सकेका छैनन् । यसैले त्यो आवपछिका वर्षमा सबै प्रतिबद्धता नभई केही अंश मात्रै लगानी भित्रिएको राष्ट्र बैंकको तथ्यांकले स्पष्ट पार्छ । अब लगानी सम्मेलनबाट विदेशी आकर्षण हुन्छन वा हुँदैनन् भन्नेमा आशंका छ । किनभने सरोकारवालाहरू सरकारको अस्थिर नीतिका कारण नेपालमा लगानीको वातावरण नभएको हुँदा प्रतिबद्धताको तुलनामा न्यून मात्रै भित्रिएको औंल्याउँछन् ।

प्रधानमन्त्री, मन्त्रीहरूले बोलेका कुरा व्यवहारमा लागू नहुने भएकाले पनि लगानी भित्रिन समस्या भएको अर्थविद् रामेश्वर खनाल बताउँछन् । उनकाअनुसार प्रधानमन्त्री भ्रमणमा जाने बेला नेपाल लगानीका लागि राम्रो छ आउन भनेर भाषणमार्फत अनुरोध गर्छन् तर व्यवहारमा वन मन्त्रालय, जग्गा खरिदलगायतमा समस्या खेप्नु परेको उनको भनाइ छ । जसले गर्दा कतिपय लगानीकर्ता ढोकैमा आएर फर्कनु परेको उनको दाबी छ ।

सरकारका कारण मात्रै होइन निजी क्षेत्रका लगानीकर्ताहरूले पनि सेयर खोज्ने, अवरोध गर्ने कारणले पनि कारण पनि बाह्य लगानी भित्रिन समस्या भएको अर्थविद् खनाल औंल्याउँछन् । वर्गीकरणअनुसार उद्योग विभाग वा ठूला स्केलका लगानी बोर्डले कसरी गर्ने भनेर कानुन तह स्पष्टतामा केही सुधार जरुरी भएको अर्का अर्थविद् डा. डिल्लिराज खनाल टिप्पणी गर्छन् । विदेशी लगानीका लागि अझै गतिलो प्रोत्साहन हुन नसकेको उनको तर्क छ ।

## निजी...

महानगरपालिकामा संस्थागत (निजी) विद्यालयको शिक्षकहरूको तलब सामुदायिक विद्यालयको भन्दा न्यून भएको गुनासो आउने गरेको छ । तर 'शिक्षा ऐन, २०२८' को दफा १२(७) (छ) मा संस्थागत विद्यालयको शिक्षकलाई पनि नेपाल सरकारले तोकिदिएको तलब स्केल नघटाई तलब दिनुपर्ने भनी उल्लेख गरिएको छ ।

यस्तै काठमाडौँ महानगरपालिका विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ को नियम ६८ मा शिक्षक तथा कर्मचारीको तलब भत्ता, निवृत्तिभरण, उपदान लगायतका अन्य सुविधा खाइपाइ आएकोमा नघट्ने गरी सङ्घीय शिक्षा कानुनमा तोकिए बमोजिम हुने उल्लेख गरिएको छ । सोही बमोजिम काठमाडौँ महानगरपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरूले प्राप्त गर्ने निम्न अनुसारको तलब सुविधा संस्थागत विद्यालयको शिक्षकलाई पनि प्राप्त गराउन काठमाडौँ महानगरपालिकाका सम्पूर्ण संस्थागत विद्यालयहरूलाई सूचित गरिन्छ । निम्न अनुसारको तलब सुविधा प्राप्त नभएमा काठमाडौँ महानगरपालिका शिक्षा विभागमा सम्पर्क गर्न अनुरोध गर्दछौँ ।'

## सिमेन्ट...

पाउन नसकेको अधिकारीहरू बताउँछन् । सरकारले सिमेन्ट निर्यातमा नगद अनुदान दिनेलगायतका व्यवस्था गरेकाले पनि उद्योगीहरूले निर्यात गर्न थालेका हुन् । सिमेन्ट उद्योग आफैं आत्मनिर्भर भइसकेकाले निर्यात सुरु भएको उनीहरूको दाबी छ ।

झन्डै एक दशकअघि पनि आरएमसी सिमेन्टले भारतको सीमावर्ती बजारमा पोर्टल्यान्ड स्ल्याग (पीएससी) सिमेन्ट निर्यात गरेको थियो । आव २०७०/७१ मा ५६ लाख ९२ हजार रुपैयाँ बराबरको ५ लाख ५३ हजार २ सय ४० किलो सिमेन्ट निर्यात भएको थियो । २०७१/०७२ मा २ लाख ५४ हजार रुपैयाँ बराबरको १६ हजार २ सय २५ किलो सिमेन्ट मात्र निर्यात भएको विभागको तथ्यांकमा छ । पाल्पा सिमेन्टको 'तानसेन' र अर्घाखाँची र बालाजी ब्रान्डका सिमेन्ट भारतमा निर्यात हुन थालेका छन् । पहिला भारतबाटै कच्चा पदार्थ ल्याई तयारी सिमेन्ट पुनः भारत पठाउँदा लागत मूल्य बढेकाले व्यवसायीले निर्यातलाई निरन्तरता दिन सकेका थिएनन् । एक दशक अघि नै सिमेन्ट निर्यात सुरु भएपनि त्यो 'ट्रायल' मात्रै रहेको नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले बताए ।

आर्थिक वर्ष २०७८/७९ जम्मा १२ लाख ९३ हजार रुपैयाँ बराबरको १५ हजार १ सय ८९ टन सिमेन्ट निर्यात भएकोमा २०७७/७८ मा ८३ हजार रुपैयाँ बराबरको ११ टन सिमेन्ट निर्यात भएको विभागको तथ्यांक छ । मुलुकमा ६५ वटा सिमेन्ट उद्योग छन् । सिमेन्टको माग कम भएर उत्पादन कटौती गरेका कारण १० देखि १५ वटा उद्योग चालु आर्थिक वर्षमै बन्द हुने सम्भावना रहेको उनले सुनाए । मुलुकमा सिजनमा ७० लाख र अफ सिजनमा ३० लाख टन मात्र सिमेन्ट उत्पादन हुने गरेको छ ।